# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल आकारमा सानो भएपनि जाति बहुल राष्ट्र हो । यहाँ ६० भन्दा बढी प्रकारका जाति/जनजातिका मानिसहरु बसोवास गर्दछन् । यसैले यो देश बहुजातीय बहुभाषिक बहुसाँस्कृतिक एक भुपरिवेष्ठित राष्ट्र हो । यो देशले विश्वको कूल भू-भागको ०.०३ प्रतिशत र एसिया महादेशको ०.३ प्रतिशत भू-भाग ओगटेको छ (शेर्पा, २०५४) । नेपालमा जति पनि जाति तथा जनजातीहरु छन् उनिहरु प्राचीन समय देखि नै नेपाल बाहिरबाट यहाँ आई स्थायी रुपमा बसोवास गर्दै आएको पाइन्छ । यहाँ पूर्व तर्फबाट मंगोलियनहरु र पश्चिम तर्फबाट आर्यनहरुको आगमन भएको पाइन्छ (गुरुङ्ग, १९९६) ।

मानव विकासको क्रमसँगै कुनै न कुनै रुपमा शिक्षाको विकास भएको मानिन्छ । मानव सभ्यताको शुरुवातसँगै शिक्षाको कालहरु र परिस्थितिहरु पार गर्दै आजको विकसित तथा आधुनिक युगमा प्रवेश गरेको छ भने शिक्षाले पनि ठीक त्यसैगरी विभिन्न युगहरु, कालहरु र परिस्थितिहरु पार गर्दै आजको विकसित तथा आधुनिक युगमा प्रवेश गरेको छ । ज्ञान आर्जन गर्नुलाई विभिन्न युगमा विभिन्न रुपबाट लिएको पाइन्छ । ढुङ्गे युगमा खाना प्राप्त गर्ने  कलामा शिक्षा केन्द्रित थियो । प्राचिन कालको शिक्षा गुरुकुल शिक्षा प्रणालीमा आधारित थियो । यस शिक्षा प्रणालीमा गुरुको सेवा गर्नु भिक्षा मागी गुरुलाई खुवाउनु आदि कार्यमा शिक्षा सिमित थियो मोक्ष प्राप्ति गर्न ज्ञान आर्जन गर्नु थियो । मध्य युगमा धार्मिक संस्कारले शिक्षालाई अधिनस्थ गऱ्यो । यस पछि विश्व समाजमा ठूला-ठूला क्रान्तिहरु भए, मुलुकहरु उपनिवेशबाट मुक्त हुन थाले र धार्मिक आस्थाको तिव्र विकास सँगसँगै भौतिक विज्ञान र प्रविधिको पनि विकास हुँदै गयो । यस पछि शिक्षाले वैज्ञानिक चिन्तन लिदै आधुनिक युग प्रवेश गऱ्यो र शिक्षालाई व्यक्तिको अन्तर्निहित प्रतिभाको विकास गर्ने र मानवीय आवश्यकताहरु पूर्ति गर्ने जीवन प्रकृयाका रुपमा लिइएको पाइन्छ (शर्मा, २०६५) ।

नेपाल प्राचिन, स्वतन्त्र तथा सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो । जसमा सांस्कृतिक विविधताले भरिपूर्ण नेपाली समाजको आफ्नै पहिचान र विशेषता रहेको पाइन्छ । जातीय विविधतामा एकता रहेता पनि यही जातीय विविधता नै सामाजिक विभेदिकरणको सूत्रधार बन्न गएको छ । मानिस मानिस बीचमा भेदभाव, छुवाछुत, उचनीच, धनी गरिव माथिल्लो

वर्ग, तल्लो वर्ग भनी नामकरण गरेको पाइन्छ जुन एउटा सामाजिक कुरीति हो । यस कुरीतिद्वारा समाज तथा राज्यद्वारा प्रदान गरिएको सेवा सुविधामा समेत क्षमता, योग्यता आदिका आधारमा नभइ जातीयता र वर्गीयताका आधारमा सहभागिता हुने गरेको हाम्रा सामु छर्लङ्ग छ । साँस्कृतिक विविधताले भरिपूर्ण नेपाली समाजको आफ्नै विशेषता र पहिचान रहेको भए तापनि नेपाली जातिको जातिय विविधता नै सामाजिक विभेदीकरणको सूत्रधार बन्न गएको छ । देशको कुल जनसंख्याको १३.१८% दलित जातिहरु रहेका छन् (केन्द्रिय तथ्याङ्क विभाग २०५९) । यी जातीहरुको सर्वपक्षीय अवस्थामा सुधार नगरेसम्म देशको समग्र विकासको कल्पना सम्म गर्न सकीदैंन ।

यसै परिप्रेक्ष्यमा  राज्यद्वारा देशका नागरिकलाई प्रदान गर्नुपर्ने शिक्षाको अवसरबाट समेत दलितहरु पछाडि परिरहेका छन् । झन्डै ६०% मानिसहरु साक्षर भइसक्दा पनि देशभरका ३४ लाख दलित माथि भेदभावको दृष्टिकोण हुनु पक्कै पनि लाजमर्दो कुरा हो (प्रश्रित २०५५) । नेपालको अन्तरिम संविधान २०६३ ले प्रदान गरेको छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक शिक्षा तथा संस्कृति सम्बन्धी हक, सामाजिक न्यायको हक, दलित तथा पिछडिएका वर्गको सशक्तिकरणका लागि विशेष व्यवस्था गर्न सकिने संवैधानिक हकहरु यथार्थ रुपमा लागु हुन सकिरहेका छैनन् । दलित छात्रवृत्ती कार्यक्रम, निशुल्क प्राथमिक शिक्षाको व्यवस्था भए तापनि १०% देखि १६% दलितहरु मात्र साक्षर रहेका छन् (थापा, २०५८) । यस तथ्यबाट दलित तथा पिछडिएका समुदायको शैक्षिक अवस्था कमजोर रहेको पुष्टि हुन्छ । सन् १९९० को थाइल्यान्डको जोमटिन र सन् २००० को सेनेगलको डकार सम्मेलनमा विश्वका हरेक राष्ट्रले सन् २०१५ सम्ममा निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा सवै नागरिकको पहुँचमा पुऱ्याउने अन्तराष्ट्रिय प्रतिवद्धता जाहेर गरेका छन् । नेपालले पनि आधाभूत तथा प्राथमिक शिक्षामा खासगरी आर्थिक स्थिति कमजोर रहेका बालवालिका दलित तथा सुविधा विहीन बालवालिकाहरुसम्म शिक्षाको पहुँच पुऱ्याउने राष्ट्रिय संकल्प  गरेको छ (शिक्षा मन्त्रालय २००९) ।

वैदिककालिन (ऋग्वेदकालिन) समाजमा ब्राम्हण, क्षेत्री वैश्य र शुद्र गरी ४ वर्णहरु कायम भएका थिए । तिनीहरुको पेशा फरक फरक तर एक अर्काको पूरक थियो । पहिले व्यवहारको प्रचलनले र पछि शास्त्रले पनि ती पेशा र पेशासँग जोडिएका अधिकार र

कर्तव्यलाई स्पष्ट रुपमा तोकेको थियो । आ आफ्नै पेशा र समाजले प्रदान गरेको स्थानमा वसी नियम अनुशासन र मर्यादाको पालना गर्नु वर्णाश्रम व्यवस्थाको मुख्य विशेषता भयो ।

वास्तवमा हिन्दु आचारसंहिताले सामाजिक मान्यता धार्मिक विश्वास र राजनैतिक आर्थिक परिपाटीलाई बलियो बनाई समाजमा सहिष्णुता, सामान्जस्यता र सन्तुलन स्थापित गर्ने ध्येयले नै वर्णाश्रम र जातिप्रथाका नियमको तर्जुमा गरियो । तर सामाजिक वर्णबाट जाति प्रथामा संक्रमण भएपछि  भने यस व्यवस्थामा बढी कठोर नीति, धारणा र विकृति आएका थिए (खत्री, २०६०) ।

२००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि अन्तरिम शासन विधान २००७ ले "कानुनका दृष्टिमा सवै समान रहने धर्म र जातका आधारमा कसैमाथि कुनै भेदभाव नगरिने" प्रथम पटक वैधानिक व्यवस्था गऱ्यो । तर व्यवहारिक रुपमा भने यसको कार्यान्वयन हुन सकेन र जातपात र छुवाछुत प्रथा कायमै रह्यो । नेपाल अधिराज्यको संविधान २०१५ मा "कुनै  पनि नागरिकलाई जातका आधारमा भेदभाव नगरिने जातिजातिबीच कसैले पनि घृणा र द्वेष फैलाउन नहुने, सरकारी सेवाको नियुक्तीमा कसैलाई भेदभाव नगरिने" जस्ता प्रावधानहरु राखियो । तर त्यसको पनि सही कार्यान्वयन हुन सकेन । नेपालको संविधान २०१९ मा जातपात र छुवाछुत अन्त्य गर्न समानताको हक अन्तर्गत सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण लिङ्ग र जातजाति वा ती मध्ये कुनै कुराको आधारमा कसैमाथि कुनै भेदभाव नगरिने तथा सरकारी सेवा वा अन्य कुनै सार्वजानिक सेवाको नियुक्तिमा कुनै पनि नागरिक माथि केवल धर्म, वर्ण, लिङ्ग, जात वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने जस्ता संवैधानिक व्यवस्था गरियो । वि.सं. २०२० साल भाद्र १ गते जारी भएको मुलूकी ऐनमा जातपात र छुवाछुत प्रथालाई अन्त्य गर्ने प्रावधान  राखियो । तर त्यसको उल्लंघन गर्नेलाई दण्डको व्यवस्था गरिएको थिएन (पाण्डेय, २०६२) ।

वृहत नेपाली शब्दकोषमा दलित शब्दको अर्थ "दलिएका हेपिएका पिछडिएका पिसिएका" भनेर लगाएको छ । यसैगरी दलित उत्थान विधेयक २०५९ अनुसार दलित भन्नाले समाजमा छुवाछुतको भेदभावबाट पीडित भई आर्थिक रुपमा शोषित राजनीतिक रुपमा उपेक्षित शिक्षामा पछाडि परेका, धार्मिक र संस्कारगत व्यवहारमा अपहेलित भइरहेका जातका व्यक्तिलाई दलित भनेर बुझिन्छ । यसैगरी उपेक्षित उत्पिडित र दलित वर्ग उत्थान

विकास समिति गठन आदेश, २०५४ ले दलित वर्ग भन्नाले परम्परागत रुपमा व्यवसाय गरी जीविकोपार्जन गरिरहेका, आर्थिक सामाजिक वा कुनै पनि कारणले उपेक्षित उत्पीडित र दलित हुन पुगेका जाति वा वर्गलाई बुझ्नुपर्छ भनि उल्लेख गरिएको छ। दलितहरुको साक्षरता दर थोरै रहेको छ। मधेशका मुसहर, दुसाध र चमार सबभन्दा कम साक्षरता दरभएका दलित जातिहरु हुन भने पहाडेमुलका दमाई कामी र सार्कीको साक्षरता दर केही उच्च रहेको छ। महिला दलित पुरुष दलितको तुलनामा करिव १०० जना पुरुष साक्षर हुँदा महिला १० देखि २५ जना मात्र साक्षर देखिन्छन् भने पहाडे मुलका दलितहरु बीच प्रत्येक साक्षर १०० जना पुरुष हुँदा महिला २० देखि ३० जना छन्। शिक्षा र साँस्कृतिक चेतनाको कमीकै कारणले उनीहरुको प्रशासनिक, प्राविधिक र स्वास्थ्य सेवा क्षेत्रमा जान सकेका छैनन् र जानेहरुको संख्या पनि न्यून रहेको छ (राष्ट्रिय दलित आयोग, २०६०)।

नेपाल सरकारले प्राथमिक शिक्षा उमेर पुगेका सवै वालवालिकाहरुलाई गुणात्मक शिक्षा प्रदान गर्ने नीति अनुरुप अन्तराष्ट्रिय मञ्चमा समेत प्रतिवद्धता प्रकट गरिसकेको छ। यसै सिद्धान्तको आधारमा नेपालमा वि.सं. २०४२ सालदेखि केही जिल्लामा प्राथमिक शिक्षा योजना  ग्रामीण विकासका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, प्रथम चरण संचालन भई वि.सं. २०५६ सालदेखि आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरण देशको ७५ वटै जिल्लामा संचालन भएको छ। यो योजनाले कार्यक्रमहरुलाई सवैलाई गुणात्मक शिक्षाको सहभागितामा ल्याउन विभिन्न प्रयासहरु गरेका छन्। दलित छात्रवृत्ति राज्यका सम्पूर्ण जिल्लाका सरकारी अनुदान प्राप्त विद्यालयहरुमा कक्षा १ देखि ५ सम्म अध्ययनरत दलित जातिहरुका छात्रछात्राहरुलाई एक शैक्षिक सत्रको लागि रु. ४०० का दरले दलित छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरेको छ। पुरुषको ७०% र महिलाको ९०% दलितहरु अझै निरक्षर छन् (कोइराला, २०५८)। दलित वर्गको साक्षरता प्रतिशत १०.७ रहेको देखिन्छ भने दलितहरुको महिला साक्षरता ३.२ प्रतिशत देखिन्छ। प्राथमिक शिक्षा भर्नादर नगन्य छ जवकी राष्ट्रिय भर्नादर ४८% रहेको छ (सेरिड १९९९)।

दलितहरुको नागरिक सरह अधिकार पाइसकेका छन् तर उनीहरुको आर्थिक र साँस्कृतिक अधिकार पूर्ण रुपमा वहाली हुन सकेको छैन। यो कुरा पहाडका दलितहरुको औषत साक्षरता २९ प्रतिशत र दलितहरुको साक्षरता १० प्रतिशत भन्दा कम हुनुले देखाउँछ जवकि नेपालको साक्षरता प्रतिशत ५४ प्रतिशत पुगिसकेको थियो (विश्वकर्मा, २०६०)।

दलितहरुको शैक्षिक सहभागितालाई हेर्ने क्रममा माध्यमिक विद्यालयमा असहभागि हुने विद्यार्थीहरु कसरी संलग्न गराउने संलग्न हुने कुरामा के के ले वाधा पारेको छ ? भन्ने जस्ता विषयहरुलाई समेटेर सुझाव सहित अभिभावक, शिक्षक, विद्यार्थीहरुलाई वदलिदो परिवेशमा दलितको शैक्षिक गन्तव्य शीर्षकमा विद्यालय गएर दिने वातावरणमा मात्र नअल्मलिई शैक्षिक प्रगति र अध्ययन कसरत गराएको देखिन्छ । जसअनुसार दलित शिक्षक भर्ना गरी उनीहरुलाई दलितमूखि तालिम दिन, दलित केटाकेटीहरु बीच कक्षामा अन्तरक्रिया गराउने, दलित नेतृत्व विकास गर्ने, दलित वस्तीमा जातीय लक्ष्यमा आधारीत शैक्षिक कार्यक्रमको विस्तार गर्ने, त्यसैगरी दलित वालवालिकाको कक्षा छाड्ने सम्बन्धी सुझावहरु दिइएको छ । दलित परिश्रमी हुन्छन् । उनीहरुका वच्चाहरु सवै विद्यालय जाँदैनन् । विद्यालय जानको लागि आवश्यक पर्ने आर्थिक स्रोत जुटाउनको लागि उनीहरु घरमा या अरुको घरमा खेताला गएर जुटाउनु पर्ने वाध्यात्मक परिस्थितिले गर्दा दलित समुदायको विद्यालयमा उपस्थिति कम देखिन्छ । यसलाई सुधार गर्न भूगोललाई अध्ययन गरेर विद्यालय खोल्ने अनिवार्य शिक्षा लागु गर्ने साक्षरता मूलक कार्यक्रम चलागउने अभिभावकलाई प्रोत्साहन गर्ने जस्ता कार्यक्रमहरु चलाउनु आवश्यक देखिन्छ । वर्तमान परिप्रेक्ष्यमा हेर्दा दलितहरुलाई राष्ट्रिय मूलधारमा समाहित गर्नको लागि सरकारी स्तरबाट पनि थुप्रै प्रयासहरु गरिएका छन् । रोजगार र सुविधामा समायोजन गर्न दलित आरक्षण कोटा छात्रावृत्ति वितरणमा वृद्धि तथा स्वरोजगार कार्यक्रमहरुद्वारा दलित उत्थान गर्न प्रयासरत देखिन्छन् तर शैक्षिक चेतनाको न्यूनताले गर्दा समस्याहरु सुझाउन सकेको छैन त्यसैले शैक्षिक स्तर उकास्ने स्वरोजगारका साथै आरक्षण कोटामा वृद्धि गर्नु पर्ने देखिन्छ (कोइराला, २०५८) ।

नेपालको पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत मेची अञ्चलमा रहेका चार जिल्लाहरु मध्ये सुदुर पूर्वको दुर्गम एक हिमाली जिल्ला ताप्लेजुङ हो । यस जिल्लाको पूर्वमा भारत पश्चिममा संखुवासभा, उत्तरमा चिन र दक्षिणमा तेहथुम जिल्ला रहेको छ । यो जिल्ला २७$^\circ$२०' देखि २७$^\circ$३९' उत्तरी अक्षांस र ८७$^\circ$१४ देखि ८७$^\circ$४८ पूर्वी देशान्तर बीच फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल ३८४२ वर्ग कि.मी. नेपालको क्षेत्रफलको २.३% रहेको छ । यस जिल्लामा विश्वका तेस्रो अग्लो शिखर कञ्चनजङघा (८५८६मी.) समेत भूबनोट भएको धान, कोदो, मकै, गँहु, जौ, अन्नहरु उत्पादन भएको पाइन्छ । राजनैतिक प्रशासनिक विभाजन अनुसार यस जिल्लामा ५० गा.वि.स.हरु, २ ओटा निर्वाचन क्षेत्रहरु, ११ ओटा

इलाका सख्याहरु र १४ ओटा स्रोत केन्द्रहरु रहेका छन् । यस जिल्लाको हावापानी समशितोष्ण ठण्डा र लेकाली किसिमको पाइन्छ (जि.वि.स. ताप्लेजुङ्ग, २०६८) ।

यस जिल्लाको जनसंख्या २०५८ को जनगणना अनुसार कूल जनसङ्ख्या १,४०,७९० जना रहेको छ । यसमा पुरुषको संख्या ६९,८५६ र महिलाको संख्या ७०,९३४ रहेको छ । यस जिल्लामा कूल घर संख्या २९,८८४ तथा जनघनत्व ४६.०४ र सरदर परिवार संख्या ५.१२ जना पर्दछन् । साथै जनसंख्या वृद्धिदर १.१८ र सरदर आयु ६१.७१ वर्ष रहेको छ । यस जिल्लाको जनसंख्या नेपालको जनसंख्याको ०.६९% रहेको छ (जि.वि.स. ताप्लेजुङ, २०६८) ।

नेपालमा जम्मा दलित संख्या २९,४५,२२३ छन् जुन नेपालको कूल जनसंख्याको १५.९५% हो जसमा पुरुषको संख्या ७८, १२७ (१२.८३%) र महिलाको संख्या ८१५५२ (१३.०७%) रहेको छ । त्यसै गरी ताप्लेजुङ जिल्लाको जम्मा दलित जनसंख्या १२,४२६ (४.२१%) छ । जसमा पुरुषको संख्या ६०५२ (४.१५%) र महिलाको संख्या ६,३८४ (४.२९%) रहेको छ । सवै जातिहरुको वसोवासलाई होर्दा लिम्वु ३९.५% बाहुन १४.४% क्षेत्री ११.७% शेर्पा ९.४% राई ४.४७% गुरुङ ४.०७% तामाङ ३.८% नेवार १.८% मगर ०.८५% सुनुवार ०.८५% कामी ३.२६% दमाई १.६% सार्की ०.७३% र अन्य २.५२% रहेको देखिन्छ । यस ताप्लेजुङ जिल्लाको शैक्षिक स्थितिलाई हेर्दा साक्षरता प्रतिशत ५२.५१% जसमध्ये पुरुष ६२.५३% र महिला ४२.३४% रहेको छ । यस जिल्लामा स्नातक तहसम्म अध्ययन हुने २ वटा क्याम्पस रहेका छन् (केन्द्रिय तथ्याङ्क विभाग, २०५९) ।

यस जिल्लामा रहेका १४ ओटा स्रोत केन्द्रहरु मध्ये २ ओटा स्रोतकेन्द्रहरुको संक्षिप्त परिचय केलाएर हेर्दा ढुङ्गेसाँघु स्रोत केन्द्र २७ डिग्री १७ मिनेट ५७ सेकेण्ड उत्तरी देखि २७डिग्री २२ मिनेट ५५ सेकेण्ड अक्षांस र ८७ डिग्री ३१ मिनेट ३८ सेकेण्ड पूर्वीदेखि ८७ डिग्री ३६ मिनेट ३२ सेकेन्ड पूर्वी देशान्तर सम्म फैलिएको साथै समुद्र सतह देखि ७५६-२९९६ मीटर सम्म उचाई भएको तथा २७.२७ ब. कि.मी. क्षेत्रफल रहेको छ । पूर्वमा चाँगे गा.वि.स. पश्चिममा साँघु गा.वि.स. उत्तरमा सान्थाक्रा थिंलावु र फाकुम्वा गा.वि.स.हरु तथा दक्षिणमा तेह्रथुम जिल्लाको सिमाना भित्र रहेको यस स्रोत केन्द्रमा हावापानी समशितोष्ण पाइन्छ । जनसङ्खया ४७०९ जना र घरधुरी ७५६ मध्ये ९१.७३% कृषिमा आधारित देखिन्छ । यस क्षेत्रमा २ ओटा उच्च मा.वि. १ मा.वि. ४ नि.मा.वि. र ११ प्रावि

तथा साक्षरता प्रतिशत ७७.५२% रहेको छ । मुख्य जातजातीमा लिम्वू, व्राह्मण, क्षत्री, तामाङ, शेर्पा, कामी, दमाई, राई, नेवार, मगर, गुरुङ र खेतीपातीमा धान, मकै, गहुँ, जौ, कोदो, तोरी आलु, सागसब्जी रहेको छ । यस स्रोत केन्द्रमा १ माङमाया लघुजलविधुत परियोजना (२७ कि.वा.) २ प्रहरी चौकी २ स्वास्थ्य चौकी, १ आर्युवेद २ अतिरिक्त हुलाक सेवा छन् (भिलेज प्रोफाइल, २०६८) ।

फाकुम्वा स्रोत केन्द्र २३ डिग्री ११ मिनेट ०५ सेकेण्ड उत्तरी देखि २३ डिग्री २९ मिनेट २५ सेकेण्ड अक्षांस र ७६ डिग्री ५३ मिनेट १९ सेकेण्ड पूर्वीदेखि ७६ डिग्री ४६ मिनेट १२ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको साथै समुद्र सतहदेखि ६४३-३०६५ मीटर सम्म उचाइ भएको तथा २१.३७ वर्ग कि.मी क्षेत्रफल रहेको छ । पूर्वमा सान्थाक्रा र थिंलावु गा.वि.स., पश्चिममा संखुवासभा जिल्ला, उत्तरमा सान्थाक्रा र थिंलावु गा.वि.स. तथा दक्षिणमा साँघु गा.वि.स.को सिमानाभित्र रहेको यस स्रोत केन्द्रमा हावापानी समशितोष्ण पाइन्छ । जनसङ्ख्या ४२०५ जना र घरधुरी ५९७ मध्ये ९३.८४% कृषिमा आधारित देखिन्छ । यस क्षेत्रमा १ ओटा उच्च मा.वि. १ प्र मा.वि., ३ नि.मा.वि. र ९ प्रा.वि. तथा साक्षरता प्रतिशत ५८.६८% रहेको छ । मुख्य जातजातीमा लिम्वू, व्राहमण, क्षत्री, तामाङ, शेर्पा, कामी, दमाई राई मगर, गुरुङ र खेतीपातीमा फापर, धान, मकै, गहुँ, जौ, कोदो तोरी आलु, सागसब्जी, फलफुल रहेको छन् । यस स्रोत केन्द्रमा ३ वटा पेल्ट्रिकसेट विधुत परियोजना २ वटा स्वास्थ्य चौकी २ वटा अतिरिक्त हुलाक सेवा छन् (भिलेज प्रोफाइल, २०६८) ।

उच्च माध्यमिक तहमा दलित विद्यार्थीहरुको शिक्षामा सहभागिता पत्ता लगाउनुको साथसाथै यस तहमा दलित विद्यार्थीहरुको कम सहभागिता हुनका कारणहरु र उनीहरुको सहभागी बढाउने उपायहरु खोजी गर्ने सन्दर्भमा ताप्लेजुङ जिल्लाको २ ओटा स्रोतकेन्द्र अन्तर्गतका ३ ओटा उच्च मा.वि.हरुलाई समावेश गरिएको छ । सम्बन्धित उच्च मा.वि.को प्र.अ./प्राचार्य, शिक्षक, अभिभावक, विद्यार्थीहरुको कुराकानी विद्यालयको अभिलेख, स्रोतकेन्द्रका अभिलेख, जिल्ला शिक्षा कार्यलयबाट प्राप्त जानकारीहरुलाई व्याख्या विश्लेषण तथा प्रस्तुतीकरण गरिएको छ ।

## १.२ समस्याको कथन

सन् २००१ को शैक्षिक तथ्याङ्क अनुसार प्राथमिक विद्यालय जाने उमेरका करिव ८१% बालबालिकाहरु मात्र विद्यालय गइरहेका छन् । दलित लगायतका सुविधा विमुखहरुको सम्बन्धमा यो दर ५०% भन्दा कम छ (सवैका लागि शिक्षा २००४-२००९प्रमुख दस्तावेज) । सन् २००६ को तथ्याङ्क अनुसार प्राथमिक तहको खुद भर्ना दर ८७.४ प्रतिशत पुगेको देखिन्छ भने उच्च मा.वि.को खुद भर्ना दर त्यो भन्दा न्यून रहेको देखिन्छ (शिक्षा विभाग, २०६४) । यसरी शिक्षाको सहभागिता पुग्न वाकी जनसंख्यामा दलित र पिछडिएका वर्गको संख्या नै बढी रहेको पाइन्छ ।

राष्ट्रले सवैको लागि शिक्षाको अन्तराष्ट्रिय सम्मेलन मार्फत सन् २०१५ सम्ममा सवै नागरिकलाई निःशुल्क एवम् अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरेको छ । सोहि प्रतिवद्धता अनुरुप दलित तथा पिछडिएका वर्ग सम्म शिक्षाको सहभागिता पुऱ्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका पनि छन् । प्राथमिक शिक्षालाई अनिवार्य मान्ने सरकारको नीति रहेपनि यस्ता दलित र पिछडिएका वर्गको निम्ति उच्च माध्यमिक शिक्षा हाल सम्म सर्वसुलभ हुन सकिरहेको छैन । यस्ता वर्गले शिक्षाको अवसर प्राप्त गर्न नसक्नुका विभिन्न कारणहरु हुन सक्छन् । समाजको सांस्कृतिक प्रचलन तथा दलितहरुलाई निशेध गर्न इच्छुक समाजले पनि यसमा वाधा व्यवधान गरिरहेको छ । दलितहरुका शैक्षिक समस्याहरु उनीहरुको शिक्षा प्रतिको दृष्टिकोण, उनीहरु प्रति समाज विद्यालय र अन्य जातिको धारणा तथा यस सम्बन्धी समस्या समाधानका उपायहरुको खोजी गर्न साथै अध्ययन क्षेत्रमा भएका उच्च मावि उमेर समुहका दलित बालबालिकाहरुको संख्या र त्यस मध्ये पनि उच्च माध्यमिक शिक्षाको अवसर पाएका र पाउन वाकी संख्या कति छ ? उच्च माध्यमिक शिक्षाको अवसर प्राप्त गर्न वाधा पुऱ्याउने तत्वहरु के के छन् ? समस्याको समाधान के कसरी गर्न सकिन्छ ? भन्ने सन्दर्भमा हालसम्म अध्ययन अनुसन्धान भएको छैन । उक्त समस्याहरुलाई समाधान गरी दलित जातिहरुको उच्च माध्यमिक शिक्षाको अवस्थामा सुधार गर्नुपर्ने र सो का लागि दलित विद्यार्थीहरुको उच्च मा.वि. शिक्षामा सहभागिताको वर्तमान स्थिति पहिचान गर्नुपर्ने भएकाले यसलाई समस्याको रुपमा लिइएको छ ।

दलित अभिभावकहरुमा आफ्ना सन्ततिहरुको शिक्षा प्रतिको धारणामा सकारात्मक चिन्तन नबनाएको तथा उच्च मा.वि. शिक्षामा समायोजन हुन सक्ने र नसक्ने स्थितिबारे

थाहा पाउन समेत नसकेको पाइयो साथै दलित विद्यार्थीहरुलाई शिक्षामा बढी सहभागिता गराउनका लागि केकस्ता कार्यक्रम ल्याउने भनी पहिल्याउन शुरु नगरिएको देखियो । दलित विद्यार्थीहरुको उच्च मा.वि. शिक्षाको स्थितिका बारेमा अध्ययन र अनुसन्धान नहुनु जस्ता आधारभूत कुराहरु समस्यामुलक बनेको देखिन्छ ।

## १.३ अध्ययनको औचित्य

यस अध्ययनबाट दलित समुदायको वर्तमान शैक्षिक अवस्था कस्तो छ ? सो को यथार्थता पत्ता लगाउन सकिने छ । यस बाट अध्ययन क्षेत्रमा दलित समुदायको उच्च मा.वि. शिक्षामा सहभागिता सम्बन्धी यथार्थ स्थितिको बोध हुने छ । दलित वर्गमा उच्च मा.वि. शिक्षाको सहभागिता पुग्न नसक्नुका प्रमुख कारणहरुबारे जानकारी प्राप्त हुनका साथै दलित हरुको उ.मा.वि. शिक्षामा सहभागिता वृद्धि गर्न हाल सम्म सरकारी स्तरबाट गरिएका प्रयासहरुको समिक्षा गर्न सकिने छ । दलित वर्गमा उ.मा.वि. शिक्षाको सहभागिता सहज बनाउन अपनाउनु पर्ने उपायहरुको खोजी गर्न सहयोग पुग्न सक्ने छ ।

यस अध्ययनले दलित विद्यार्थीहरुलाई शिक्षामा बढी भन्दा बढी सहभागि गराउन शिक्षक, विद्यालय र समुदायले बहन गर्नुपर्ने उत्तर दायित्व स्पष्ट पार्ने छ । दलितहरुको विद्यालयमा सहभागिता वृद्धि गर्न सरकारद्वारा दलितहरुलाई प्रदान गरिदै आएका सेवा सुविधा तथा सहुलियतका सम्वन्धमा मूल्याङ्कन तथा पुनरावलोकन गर्न सम्बन्धित पक्षलाई सहयोग पुग्न सक्ने छ । दलितहरुको उमावि शिक्षामा सहभागिता बढाउने खालका आवश्यक शैक्षिक योजना र नीति निर्माण गर्न सम्बद्ध विद्यालय वडा गा.वि.स. तथा स्रोतकेन्द्रका साथै जिल्ला स्तर र राष्ट्रिय स्तरका शैक्षिक योजनाकार तथा नीति निर्माताहरुलाई आवश्यक सहयोग पुग्न सक्ने छ ।

दलितहरुको शिक्षामा सहभागिता वृद्धि गर्नका लागि आवश्यकता अनुसार पाठ्यक्रम परिमार्जन गर्न पाठ्यक्रम विद्हरुलाई यस अध्ययनले सहयोग पुर्‍याउन सक्नेछ । यस अध्ययनले दलित अपेक्षित र उत्पीडित जातिहरुसँग सम्बन्धीत अन्य शैक्षिक विषयमा अध्ययन अनुसन्धान गर्न इच्छुक अनुसन्धान कर्ता विभिन्न सरकारी एवम् गैरसरकारी संस्थाहरुलाई पनि आवश्यक सहयोग पुर्‍याउन सक्ने छ । दलित बालबालिकाहरुको वर्तमान शैक्षिक अवस्था पत्ता लगाउन दलित बालबालिकहरुका लागि शिक्षाको उपयुक्त अवसर प्राप्त हुन नसक्नुका विभिन्न कारणहरु र उनीहरुलाई विद्यालय प्रवेश गर्नमा वाधा पुर्‍याउने तत्वहरुको खोजी गर्ने सन्दर्भमा यस अध्ययनले सहयोग पुर्‍याउन सक्ने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न लिखित उद्देश्यहरु छन् :

क) दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिताको स्थिति विश्लेषण गर्नु ।

ख) दलित र गैरदलित विद्यार्थीहरु बीच सहभागिताको तुलनात्मक अध्ययन गर्नु ।

ग) दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा देखिएका समस्या पहिचान गरी समाधानका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनको लागि निम्न अनुसन्धानात्मक प्रश्नहरु राखिने छन् :

क) उच्च माध्यमिक तहमा दलित विद्यार्थीहरुको विद्यालय भर्नाको वर्तमान स्थिति कस्तो छ?

ख) दलित र गैर दलित विद्यार्थीको उ.मा.वि. तहमा सहभागीताको स्थति कस्तो रहेको छ ?

ग) दलित विद्यार्थीहरुका उच्च माध्यमिक शिक्षा प्राप्त गर्दा देखिएका ज्वलन्त समस्याहरु के के हुन ?

घ) उच्च माध्यमिक शिक्षामा दलित विद्यार्थीहरुका सहभागितामा देखिएका समस्या समाधानका लागि के के विकल्प अपनाउन सकिन्छ ?

ङ) उक्त समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसिमा

यस अध्ययनलाई ताप्लेजुङ्ग जिल्ला अन्तर्गत फाकुम्बा र  ढुङ्गेसाघु स्रोतकेन्द्रको सामुदायिक उच्च माध्यमिक विद्यालय कक्षा ११ र १२ मा अध्ययनरत दलित विद्यार्थीको शैक्षिक वर्ष २०६८ मा सीमित गरिएको छ ।

प्रस्तुत अध्ययनलाई दलित विद्यार्थीको उ.मा.वि. तहमा सहभागीताको स्थिति पहिचान गर्न भर्ना, उपस्थिति, उतिर्ण, कक्षा छाडने र  दोहोऱ्याउने अवस्था साथै दलित र गैर दलित विद्यार्थी बीचको तुलनात्मक सहभागिताको अध्ययन गर्न दुवै पक्षको भर्ना, उपस्थिती, उत्तिर्ण प्रतिशत, कक्षा छाड्ने र दोहोऱ्याउने अवस्थाका बारेमा सीमित गरिएको छ ।

प्रस्तुत अध्ययन दलित विद्यार्थीहरु अन्तर्गत कामीजाती र दमाइ जातीमा सीमित गरी अध्ययन गरेको छ ।

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

कुनै पनि समस्याको समाधानका लागि उक्त समस्या सम्बन्धी पुर्व साहित्यको अध्ययन गरी समीक्षा गरिनु आवश्यक हुन्छ । यसले समस्याको समाधानको लागि के कस्ता विकल्पहरुको खोजी भै रहेको छ भन्ने सम्बन्धमा यथार्थ जानकारी दिन्छ यसबाट शोधकर्तालाई खोजी हुन वाँकी समस्याको बारेमा अध्ययनलाई केन्द्रित बनाउने अवसर प्राप्त हुन्छ । पूर्व साहित्यको समिक्षा गर्ने सन्दर्भमा यहाँ दलित जातिमा शिक्षाको सहभागिता सम्बन्धी प्राप्त भएका लेख अध्ययन अनुसन्धान एवम् शोधपत्रहरुको अध्ययन गरी समिक्षात्मक विवरण यस प्रकार प्रस्तुत गरिएको छ ।

खनाल (२०५८) का अनुसार अव्यवहारिक दलित छात्रवृत्ति वितरण प्रणाली, न्यून दलित छात्रवृत्ति कोटाको कारणले अपेक्षित उपलब्धी हासिल हुन नसकेको, छात्रवृत्तिको कोटा र रकममा वृद्धि, शैक्षिक सत्रको शुरुमा रकम वितरण तथा चेतनामुलक कार्यक्रम सञ्चालन गरी दलित जातिलाई प्राथमिक देखि उच्च शिक्षा सम्म सक्रिया सहभागी बनाउन सकिन्छ र उनीहरुको शैक्षिक उपलब्धि स्तर वढाउन सकिने तथ्यलाई औल्याइएको छ ।

कोइराला (२०६४) का अनुसार दलित जातिका शिक्षा सम्बन्धी समस्याहरु समाधान गर्न अनुकुल समयमा शिक्षणको व्यवस्था दलित सहायता कोषको स्थापना, दलित अभिभावकसँग अन्तरक्रिया सिकाइमा प्रोत्साहन दिने खालको प्रभावकारी मूल्याङ्कन पद्धतिको व्यवस्था दलित श्रम र सीप पाठ्यक्रममा समावेश, रोजगारीको व्यवस्था तथा जातिय विभेद अन्त्य गर्न जनजागरण कार्यक्रम सञ्चालन गरिनु पर्ने सुझावहरु प्रस्तुत गरिएको पाइन्छ ।

विश्वकर्मा (२०५४) का अनुसार दलितहरुको वास्तविक शैक्षिक स्थितिको जानकारी लिन राज्यले नै खोज अनुसन्धान गर्नुपर्छ तर हालसम्म त्यस्तो भएको पाइदैन । दलितहरुको वर्तमान शैक्षिक अवस्था ज्यादै नाजुक छ । कुल जनसंख्याको २०% भन्दा बढी रहेका दलितहरु ८०-९०% गरिविको रेखा मुनी छन् । सम्पूर्ण दलित १०-१६ % मात्र सक्षम छन् । दलित महिलाको साक्षरता प्रतिशत ३.२% मात्र छ । ७०% भन्दा बढी विद्यार्थीहरु प्राथमिक विद्यालयमा भर्ना भएपनि विचैमा विद्यालय छाड्ने गरेको वर्तमान अवस्थामा त्यसको

मुलकारण गरिवी रहेको र गरिवी दलितहरुको पेवा रहेको अवस्थाले गर्दा पनि दलितहरुको शिक्षाको अवस्था कमजोर रहेको छ । लेखकका अनुसार दलित केटाकेटीहरु स्कुल नजानुका कारणहरुमा उनीहरुलाई प्रेरणाको अभावहुनु, सरकारी कार्यक्रमहरुमा दलितहरु प्रति उदासिनता देखिनु प्रमुख रहेका छन् । त्यसकारण दलित शिक्षामा जोड दिन गरीवि निवारण, जातिय भेदभावको अन्त्य, हरेक विद्यालयमा कम्तीमा एक जना महिला शिक्षिकाको व्यवस्था दलित शिक्षकको व्यवस्था , छात्रवृत्ति कार्यक्रमको विस्तार, अभिभावकलाई पुरस्कार र भत्ताको व्यवस्था रोजगारी आरक्षणको व्यवस्था का साथै पाठ्यक्रममा दलितहरुको जीवनी र गौरवमय इतिहासलाई समावेश गरिनु पर्छ ।

राष्ट्रिय दलित आयोग(२०६०) ले उल्लेख गरे अनुसार दलितहरुको साक्षरता दर न्यून छ । मधेशी समुदायमा मुसहर, दुसाध र चमार सवभन्दा कम साक्षरता दर भएका दलित जातिहरु हुन् । साक्षरताको हिसावले मधेशी मुलका दलितहरु अत्यन्त पिछडिएका छन् । पहाडे मुलका दमाइ, कामी र सार्की समुदायमा सक्षरता दर केही उच्च २५% छ तर अन्य पहाडे मुलका जाती भन्दा सक्षरता दर झण्डै आधा नै छ । महिला र पुरषको साक्षरताको सवालमा मधेसी मुलका दलितहरु बीच १०० जना पुरुष साक्षर हुँदा १०-२५ जना महिला मात्र साक्षर छन् । पहाडे मुलका दलितहरु भने १०० जना पुरुष साक्षर हुँदा २०-३० जना महिला साक्षर छन् भन्ने उल्लेख गरिएको छ ।

पाण्डेय (२०६२) का अनुसार मुलुकको साक्षरता प्रतिशत ७० पुऱ्याउने लक्ष्य लिइरहेका वेला दलितहरुको साक्षरता यस्तो छ भने कसरी लक्ष्य प्राप्ती हुन सक्ला ? विचारणीय नै छ । अन्य जातीको साक्षरता प्रतिशत ७० पुऱ्याउन सकिए पनि त्यसमा दलितहरु नै अपबाद रहने छन् । दलित लगायतका पिछडिएका समुहको शिक्षा प्रति सहभागिताको समस्या समाधान गर्न लघु क्षेत्र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न विशेष लक्षित समुह पहिचान गर्ने, अधिकार विकेन्द्रीकरण गर्ने, छात्रवृत्तिको कोटा बढाउने, निर्देशिकामा सवै कुरा उल्लेख गर्ने, विद्यालयमा अपनत्वको भावना जगाउने, सरकारी र गैरसरकारी सस्थाहरु बीच समन्वय गराउने प्रोत्साहन कार्यक्रम र वैकल्पीक विद्यालय कार्यक्रम एकै साथ चलाउनु पर्ने, विद्यार्थीलाई पोशाकको व्यवस्था गर्नै, अभिभावक शिक्षा सञ्चालन गर्ने, स्थानीय भाषाको ज्ञान भएका लाई मात्र प्राथमिक शिक्षक बनाउने सुझावहरु दिएको छ ।

सेरिड (१९९९) ले उल्लेख गरे अनुसार दलित छात्रछात्रालाई दिइएको रु. २५० को छात्रवृत्ति न्युन भएको तथा छात्रवृत्तिका लागि मात्र बालबालिकाहरु एक भन्दा बढी विद्यालयमा भर्ना हुन प्रोत्साहन कार्यक्रमको कमजोर पक्ष रहेको तथा विद्यार्थी संख्या बढे पनि शिक्षक र बस्ने ठाउँको व्यवस्था प्रयाप्त हुन सकेको देखिएन भनि उल्लेख गरिएको छ ।

थापा (२०५८) का अनुसार दलित जातिका बालबालिकालाई विद्यालय शिक्षाको अवसर प्रदान गर्न घरधुरी सर्वेक्षण, प्रचारप्रसार र गोष्ठीको आयोजना, आर्थिक सहयोग, शैक्षिक चेतना अभिवृद्धि कार्यक्रम अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था कार्यन्वयन, कम्तीमा एक जना दलित शिक्षकको व्यवस्था तथा दलित समुदाय समेतको सहभागितामा विस्तृत पञ्चवर्षिय योजना तर्जुमा जस्ता कार्यक्रमहरु गर्नुपर्ने सुझावहरु दिएको छ ।

केसी (२०६१) का अनुसार दलित जातिको शिक्षामा सहभागिता सम्बन्धि समस्या समाधानका लागि दलितको स्थितिको बारेमा विस्तृत र यथार्थ खोज अनुसन्धान, दलितहरुको संलग्नतामा कार्यक्रम तर्जुमा, उनीहरुको परम्परा गत सीपलाई प्रोत्साहन, प्रचारप्रसार र जनचेतना जागरण भेदभाव गर्नेलाई कडा कानुनी कार्वाहि सवै लाई छात्रवृत्तिको व्यवस्था, प्रतिष्ठीत र उदाहरणीय दलितहरुको जीवनी पाठ्यक्रममा समावेश, दलित श्रम र सीपको उचित कदर, पेशागत तालिम, उपयुक्त शैक्षिक वातावरण, योग्य र तालिम प्राप्त शिक्षकको व्यवस्था तथा दलित शिक्षकको व्यवस्था जस्ता कार्यक्रमहरु गरिनु पर्ने, सुझाव प्रस्तुत गरिएको छ ।

खत्री (२०५७) का अनुसार शारीरिक विकासका लागि पोषण युक्त खानाको अभाव, मानसिक तथा शारीरिक विकासका लागि शिक्षाको अभाव हुन्छ । चेतनाको कमी, सामाजिक परम्परावादी सोचका कारणले छोरीको विवाह सानै उमेरमा गर्ने देखिन्छ । आर्थिक अवस्था कमजोर भएर पनि विद्यालय जान नसकेको अवस्था छ । यसै गरी भाषिक समस्या र शिक्षा लिन बाट बन्चित तुल्याउने वाधक कारक तत्वको रुपमा पाइन्छ ।

उप्रेती (२०६३) का अनुसार दलित जातिको शैक्षिक अवस्था र शिक्षामा सहभागिता एक अध्ययन अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, प्राथमिक शिक्षा, विस्तार कार्यक्रम समाहित शिक्षा, शिक्षण पेशालाई सामाजिक सेवाको रुपमा स्वीकार गर्ने परिपाटीको

व्यवस्था शिक्षक आचारसंहिता निर्माण, शिक्षक अभिभावक अन्तरक्रिया जस्ता कार्यक्रमहरु सञ्चालन गरी दलितहरुको शैक्षिक अवस्था सुधार गर्न सकिने सुझाव दिइएको छ ।

शर्मा (२०६६) का अनुसार दलित जातिको शिक्षामा सहभागिता सम्बन्धी समस्या समाधानको लागि दलित को स्थितिको बारेमा विस्तृत र यथार्थ खोज अनुसन्धान दलितहरुका संलग्नतामा कार्यक्रम तर्जूमा उनीहरुको परम्परागत सीपलाई प्रोत्साहन, प्रचार प्रसार र जनचेतना जागरण, भेदभाव गर्नेलाई कडा कानुनी कार्वाही सवै दलितहरुलाई छात्रावृति व्यवस्था प्रतिष्ठीत उदाहरणीय दलितहरुको जिवनी पाठ्यक्रममा समावेश, दलित श्रम र सीपको उचित कदर, योग्य र तालिम प्राप्त शिक्षकको व्यवस्था, दलित शिक्षकको व्यवस्था जस्ता कार्यक्रमहरु गरिनु पर्ने सिफारिस गरिएको छ ।

रेग्मी (२०६५) का अनुसार दलित जातिको शैक्षिक सहभागिता पुऱ्याउन दलित समुदायको आर्थिक, सामाजिक तथा शैक्षिक स्थितिको वारेमा विस्तृत खोज अनुसन्धान गरी उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याउन उनीहरुको सहभागिता र संलग्नतामा कार्यक्रम निर्माण र सञ्चालन गरिनु पर्ने सामाजिक भेदभाव निमूर्ल गर्ने कानुनलाई कडाइका साथ कार्यान्वयन गरिनु पर्ने, प्रत्येक विद्यालयमा कम्तिमा एकजना दलित शिक्षक रहनु पर्ने, दलितहरुलाई सरकारी सेवामा प्रवेशका लागि आरक्षणको व्यवस्था गरिनु पर्ने सुझावहरु पेश गरिएको छ ।

शर्मा (२०५७) का अनुसार दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अध्ययनमा दलित विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गर्न र नियमित गर्न विभिन्न माध्यमबाट प्रोत्साहन र हौसला दिनुपर्ने, विद्यलायमा खाजाको व्यवस्था गर्नु पर्ने, परिवारमा शैक्षिक वातावरण कायम गराउनु पर्ने निरक्षर अभिभावकलाई साक्षरता शिक्षा प्रदान गरी शिक्षा प्रति सकारात्मक धारणा विकास गराउन पर्ने आदि सुझावहरु पेश गरिएको थियो ।

समग्रमा उल्लेखित लेख अध्ययन अनुसन्धानको आधारमा हेर्दा दलित समुदाय राष्ट्रद्वारा गरिएका विभिन्न प्रयासका बावजुद पनि आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक क्षेत्रमा पिछडिएको पाइन्छ । उनीहरुको शैक्षिक उत्थानका लागि उनीहरुकै सहभागितामा उनीहरुको आफ्नो आवश्यकता अनुकुलको जीवनउपयोगी आयमुलक शिक्षाको खाँचो देखिन्छ । उच्च माध्यमिक शिक्षामा दलित विद्यार्थीहरुको उपस्थिति नियमितता र शैक्षिक उपलब्धी

जस्ता ज्वलन्त समस्याहरुलाई पहिल्याउने समस्या समाधानको वैकल्पीक उपायहरु तयार गर्ने यसलाई विश्लेषण गरी निष्कर्ष निकाल्ने तथा विगत र वर्तमानलाई तुलना गरी भविष्यमा गर्न सकिने आवश्यक रणनीतिहरुको सुझाव दिने प्रयास गरिएको छ ।

## २.२ सैद्धान्तिक खाका

समाजमा विभिन्न जातजाति, भाषाभाषि, धर्म र पेशाका मानिसहरु रहेका हुन्छन् । हरेक वर्गका मानिसहरुका आफ्ना आफ्ना क्रियाकलाप मान्यता र कार्यहरु रहेका हुन्छन् । समाजमा रहेका यस्ता कार्यहरुका आधारमा उनीहरुको एक अर्काप्रति मान सम्मान र व्यवहारमा फरक फरक प्रकृति रहेको हुन्छ । यस्ता सम्पूर्ण प्रकृतिलाई त्यस समाजले मान्यता प्रदान गरेको हुन्छ ।

मार्क्स (१८४८) को विभेदिकरण सिद्धान्तअनुसार प्रत्येक समाजका सदस्यहरु विभिन्न समूहमा बाडिएका हुन्छन् । समाजका सदस्यहरुको यस प्रकारको समूह व्यक्ति व्यक्तिमा पाइने शारीरिक, पारिवारिक, लैङ्गिक, शैक्षिक, आर्थिक, व्यवसायिक, पेशागत कारणहरुबाट विभाजन भएको हुन्छ । समाजमा भएका व्यक्तिहरुको विशेषताका आधारमा उनीहरुको विभाजन भएको हुन्छ । यस प्रकारको विभाजनबाट समाजमा कसैको स्थान माथि र कसैको स्थान तल रहेको हुन्छ । समाजका व्यक्तिहरु शारीरिक तथा मानसिक क्षमता, शक्ति, योग्यता, प्रतिभा, आदत र व्यवहारका दृष्टिले समान हुदैन यही कारणले गर्दा समाजका व्यक्तिहरुको स्थिति र प्रतिष्ठा समान हुदैन । विश्वसाम्यवादी आन्दोलनका प्रणेता महान दार्शनिक कालमार्क्सका चिन्तन्मा सामाजिक विभेदिकरणको प्रमुख पक्ष आर्थिक कारण हो । सामाजिक उत्पादन र वितरणमा रहेको असमानताले विभिदिकरणलाई चरम सिमामा पुऱ्याएको छ । सामाजिक द्वन्द्वलाई सघर्षमा परिणत गर्ने छ ।

मार्क्स (१८४८) का अनुसार प्राचिन साम्यवादी कालमा सवै मानिसहरुमा समान वितरणको सिद्धान्त रहयो उत्पादनमा जब वृद्धि हुन थाल्यो । सामाजिक सम्पतिको सट्टा व्यक्तिगत सम्पतिको परिपाटी वृद्धि भयो । यसले गर्दा समाजमा मालिक र दास उच्च जाति र निम्न जाती वर्गको जन्म भयो । यस पछि सामन्ती, पूजीपति र सर्वाहारा वर्गको जन्मभयो । जवसम्म समाजको उत्पादन र वितरण प्रणालीमा समानता अउदैन समाजिक द्वन्द्व चलिरहन्छ । सम्भ्रान्त वर्ग र सर्वाहारा वर्गका आफ्ना हितका लागि राष्ट्रिय र अन्तराष्ट्रिय तहसम्म आफ्ना आफ्ना वर्गमा एकता कायम हुन्छ । पूजीको केन्द्रिकरणले गर्दा सर्वाहारा वर्ग

प्रतिको शोषणको पराकाष्टा देखा पर्छ । सर्वाहारा वर्गको संख्यात्मक वृद्धि र गुणात्मक एकताका कारण यसले अन्तराष्ट्रिवादको रुप लिन्छ । अन्तमा समाजवाद हुँदै साम्यवादमा पुगेपछि मात्र विभेदिकरणको अन्त्य हुन्छ । यसैले विभेदिकरण समाजको अपरिहार्य र अनिवार्य मेकानिजम हो जसले सर्वहारा वर्गलाई साम्यवादको लक्ष्यमा पुग्न मद्दत पुऱ्याउछ । त्यसकारण वर्गगत तथा जातिगत रुपमा दलित विद्यार्थीहरुको उच्च माध्यमिक तहमा सहभागिता बढाउन यी विभिन्न असमानतालाई व्यवस्थापनको विकस गर्दै लैजान पर्ने आवश्यक देखिन्छ । वर्गिय र जातिगत धुर्विकरणको आवश्यकता देखिन्छ ।

द्वन्द्वको कारणले सधै कार्यमा सुधार हुने मात्र होइन कहिले काही, ध्वंसात्मक रुप लिइ संगठनात्मक लक्ष्य प्राप्तिमा अवरोध आउने समेत हुन्छ । त्यसैले व्यवस्थापकले संस्थामा विरोध आउन दिदै नदिने होइन की विरोधको सृजना भएमा त्यसलाई स्वस्थ विरोधमा परिणत गराउनु पर्छ । द्वन्द्वको व्यवहारवादी धारणा र दृष्टिकोण अनुसार द्वन्द्व उत्पन्न भैरहने प्रक्रिया हो । यसलाई स्वभाविक मानविय प्रक्रियाको रुपमा लिएर स्वीकार गरेर यसको सही सदुपयोग गर्न सके दलित विद्यार्थीहरुको सहभागितामा सुधार आउन सक्छ। मार्क्सका अनुसार द्वन्द्व हिंसात्मक र ध्वंसात्मक विरोध होइन स्वस्थ्य विरोधको आवश्यकता सदैव हुन्छ । स्वस्थ्य विरोधले व्यक्तिगत रुपमा काम गर्ने व्यक्तिको र संस्थागत रुपमा कार्यरत संस्थाले नै प्रभावकारीताका साथ गुणात्मक रुपमा कार्यभूमिका निर्वाह गर्ने, प्रभावकारिताका साथ सम्पन्न गरिएको कार्यबाट उच्च स्तरको गुणस्तरिय उपलब्धी हात पर्ने र सन्तुष्ट भइने हुन्छ । त्यसैले समय समयमा स्वस्थ्य विरोध गर्ने र त्यसलाई सहजै स्वीकार गरी कार्य प्रणालीमा सुधार गरी विचार र सहमती जनाइ व्यवहार र कार्यशैलीमा परिवर्तन ल्याई फलउत्पादित नतिजा निकाल्नु पर्छ । जसले गर्दा काम गर्ने, गराउने र सेवा ग्रही तीनवटै पक्षमा खुशीको लहर आउने हुन्छ ।

यसरी जातिय छुवाछुद जातिय वर्ग विभेदको नियन्त्रण र निराकरण गर्दै अघि बढे । पक्कै पनि दलित विद्यार्थीहरुको शैक्षिक मनोवल माथि उस्कने उनीहरुको उच्च माध्यमिक तहमा सहभागिता मुलक सहभागिता वृद्धि भएर जाने जस्ता सकारात्मक कदमहरुको प्रतिफल अपेक्षा गर्न सकिन्छ (शर्मा, २०६५ बाट उद्धृत) ।

अब्राहम मास्लो (१९४३) ले मानव संम्बन्ध सिद्धान्तलाई समर्थन गर्दै मानव आवश्यकताका ५ श्रृङखलाहरुमा शारीरिक, सुरक्षा, सामाजिक सम्मान र आत्म सन्तुष्टी देखिन्छ । उनका अनुसार व्यक्तिहरुका असिमित आवश्यकताहरु हुन्छन् । जुन क्रमशः

विकास भएर निम्न स्तरको आवश्यकता पूरा भए पश्चात विस्तारै उच्च स्तरका आवश्यकता एवम् चाहानाहरु तिर व्यक्ति अघि बढी रहेको हुन्छ ।

व्यक्तिलाई आवश्यकतामा रुमलिरहने प्राणीको रुपमा अब्राहम मास्लोले व्यक्ति सदैव आवश्यकतामा नै अघि बढीरहेका हुन्छन् भन्ने सिद्धान्त प्रतिपादन गरे । वास्तवमा व्यक्ति के चाहन्छ भन्ने कुरा उसँग अहिले भएको कुरासँग निर्मर रहन्छ । त्यसैले व्यक्तिको चाहाना नै उसलाई केही चिजको आवश्यकता भएको महसुस गराउछ । त्यो चिज प्राप्त भइ सकेपछि त्यसको औचित्य नहुनाले थप आवश्यकता क्रमवद्ध रुपले बढ्दै जान्छ । ती आवश्यकताहरु परिपूर्ति भएको खण्डमा व्यक्ति अझ प्रोत्साहित र उत्प्रेरित भएर कार्य प्रगतिमा पुनः लम्कन्छ ।

प्रत्येक व्यक्तिसँग असिमित आवश्यकताहरु हुन्छन् जसलाई क्रमशः पुरा गर्दै अगाडि बढाउन उसको आन्तरिक पक्षलाई जागृत गराउनु पर्छ भन्ने सिद्धान्त नै उत्प्रेरणाको सिद्धान्त मानिन्छ । मानवका आफ्ना कार्य प्रति उत्प्रेरित गर्न यो सिद्धान्त लागु गरिन्छ । यसमा मास्लोको आवश्यकता श्रृङ्खला सिद्धान्तलाई प्रमुख मानिन्छ । मानिसलाई आफ्ना आवश्यकताहहरु पुरा हुदै गएको खण्डमा स्वतः उ आफ्नो कार्य प्रति उत्प्रेरित भएर लगनशिल हुने गर्छ त्यसैले दलित विद्यार्थीहरुलाई उच्च माध्यमिक तहमा सहभागितामा वृद्धि गर्न सकारात्मक तवरले उत्प्रेरकका तत्वहरु जस्तै छात्रावृत्ति, प्रोत्साहन, पुरष्कार, सवलीकरण प्रदान गरेर उनीहरुको मनोवल उच्च राख्न सक्नुपर्छ । यसरी अब्राहम मास्लोको सिद्धान्तले भने जस्तै दलित विद्यार्थीहरुको आवश्यकता क्रमशः पुरा हुँदै अघि बढे उनीहरुको उच्च माध्यमिक तहमा सहभागिता राम्रै हुनेछ भन्ने कुरा पुष्टि हुन्छ (कोइराला, श्रेष्ठ २०६५ बाट उद्धृत) ।

## २.३ पुनरावलोकनको उपादेयता

अध्ययन गरिएको विषयको लागि सैद्धान्तिक खाका मानविय सम्बन्धमा जातिय, लिङ्गीय भेदभाव गर्ननहुने सिद्धान्तमा आधारित हुनाले हरेक कार्यमा दलित विद्यार्थीहरुलाई उच्च माध्यमिक शिक्षामा सहभागि गराउदा उनीहरुको मनोवल बढ्ने आत्मसन्तुष्टी हुने प्रभावकारी सिकाइ र शैक्षिक उपलब्धि हुने जस्ता कारणले गर्दा यो सिद्धान्छ प्रयोग गरिएको छ ।

अध्यययन कार्यलाई अगाडि बढाउनको लागि धेरै सम्बन्धित लेख साहित्यको उपयोग गर्न खोजिएको छ । जुन विभिन्न क्षेत्रमा अध्ययनबाट निकालिएको निष्कर्षको आधारमा तयार गरिएको लेखहरुले यस अध्ययनको लागि योगदान दिएको देखिन्छ । दलित छात्राहरुको अवस्था आन्तरिक दक्षतामा छात्रको अवस्था र सहभागिता बढाउन गरिएको उपायको बारेमा जानकारी गराउछ । यो शोधकार्यलाई अगाडि बढाउनको लागि सानो अध्ययन क्षेत्रको आवस्थासँग तुलनात्मक रुपमा प्रयोग गरी व्यवहारमा ल्याउन् विश्वास गरिएको छ ।

यस अध्ययनले दलित तथा उपेक्षित उत्पीडित वर्गका समुदायलाई गैरदलित सरह विद्यालय सहभागितामा सहभागिता बढाउन सहयोग पुग्न जाने छ । साथै दलित विद्यार्थीहरुलाई शिक्षामा बढी भन्दा बढी सहभागि गराउन शिक्षक, समाज, विद्यालयले बहन गर्नुपर्ने उत्तरदायित्व बोधहुने छ । विद्यालयमा दलित विद्यार्थीहरुको सहभागिता वृद्धि गराउन नेपाल सरकारले दलितहरुलाई प्रदान गरिने सेवा र सुविधा तथा सहुलियतको उचित मूल्याङ्कन गरी दलित वर्गलाई समाजले गर्ने सामाजिक परिपाटि अन्त्य गर्नको लागि सरकारी स्तरबाट ठोस नीति निर्माण गर्न सहयोग गर्ने छ । यस अध्ययनबाट दलित विद्यार्थीहरु समुदायको शिक्षामा समान अवसर र सहभागिता बढाउन अपनाउनु पर्ने भावी रणनीतिहरुको योजना बनाउन र दलितसँग सम्बन्धीत अन्य अनुसन्धान गर्न इच्छुक अनुसन्धानकर्तालाई अध्ययन अनुसन्धानको लागि सहयोग मिल्ने छ ।

# परिच्छेद तीन : अध्ययनको विधि

अनुसन्धानका प्रस्तावित उद्देश्यहरु पुरा गर्न आवश्यक जनसंख्याको निर्धारण, जनसंख्याबाट आवश्यक नमुनाको छनौट गर्ने, तथ्याङ्क संकलनका साधनको निर्माण गरी तथ्याङ्क संकलन गर्न यो तथ्याङ्क संकलन गर्ने प्रक्रिया, संकलित तथ्याङ्कको प्रशोधन, विश्लेषण र प्रस्तुतीकरण गर्ने सम्मको सम्पूर्ण चरणवद्ध कार्यलाई विधि वा प्रक्रिया भनिन्छ (खनाल, २०६२) ।

अनुसन्धानको मुख्य उद्देश्य उच्च माध्यमिक तहमा दलित हरुको सहभागिताको अवस्था, प्रक्रिया, समस्या तथा घटनाको व्याख्या विश्लेषण गर्नु रहेको छ । यस उद्देश्यकालागि संकलन तथा विश्लेषण गरिने तथ्यांकको स्वरप साङ्ख्यीक नभएर शाब्दीक बढी हुने गर्छ । विभिन्न अवस्था प्रक्रिया समस्या तथा घटनाको अध्ययन तथा विश्लेषणको क्रममा तिनीहरुलाई परिमाणात्मक साख्यीक मापनमा रुपान्तरण गरिदैन । यस प्रकारका तथ्याङ्कलाई गुणात्मक तथ्याङ्क भनिन्छ । कुनै अवस्था घटना, प्रक्रिया तथा समस्याहरुको अध्ययन गर्ने उद्देश्यले नामरुपी तथा क्रमागत स्केलमा मापन गरिएका वा शाब्दीक रुपमा संकलन गरिएका असाख्यीक तथ्याङ्कहरुलाई तार्कीक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ (खनाल, २०६२) ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अध्ययनलाई उपलब्धी मुलक बनाउनका लागि व्याख्यातमक र वर्णनात्मक विधि अपनाई विश्लेषण गरिएको छ । परिमाणात्मक तथा गुणात्मक दुवै अनुसन्धान ढाँचाको प्रयोग गरी अध्ययन गरिएको छ ।

## ३.२ जनसंख्या

यस अध्ययनमा वाँधिएको परिसिमा अनुसार ताप्लेजुङ जिल्लाका १४ वटा स्रोतकेन्द्रहरु मध्ये (ढुङ्गे साँघु र फाकुम्बा) भित्र अवस्थित ५ वटा गा.वि.स.मा सञ्चालित उमाविका विद्यार्थीहरु, प्र.अ., वि.व्य.स.अध्यक्ष, शिक्षक, अभिभावक रहेका छन् ।

## ३.३ नमुना छनौट

उच्च माध्यमिक तहमा दलित विद्यार्थीहरुको सहभागिता नामक अनुसन्धानमा छनौट गरिएको जनसंख्या भित्र रहि आवश्यक तथ्याङ्कको लागि सम्भावना युक्त नमुना छनोट विधिको प्रयोग गरी ताप्लेजुङ् जिल्लाको १४ वटा स्रोत केन्द्रहरु मध्ये फाकुम्वा र ढुङ्गेसाघु २ स्रोतकेन्द्र अन्तर्गतका ३ वटा सामुदायिक उच्च मा.वि.हरुको सेवा क्षेत्रलाई प्रस्तुत अध्ययनको नमुनामा छनौट गरिएको छ । जुन नमुना छनौटको आकार निम्न बमोजिम राखिएको छ ।

तालिका नं. १, नमूनाको आकार

| क्र. सं. | विद्यालय | स्रोत व्यक्ति | प्र.अ./ प्राचार्य | वि.व्य.स. अध्यक्ष | अभिभावक | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|---|---|---|
| १ | श्री मैवाखोला उ.मा.वि. | १ | १ | १ | २ | १ | २ |
| २ | श्री नारायणी उ.मा.वि. | - | १ | १ | २ | १ | २ |
| ३ | श्री महेन्द्र उ.मा.वि. | १ | १ | १ | २ | १ | २ |

स्रोत : स्थलगत अध्ययन २०६९

उच्च माध्यमिक तहमा दलित विद्यार्थीहरुको सहभागिता नामक अनुसन्धानमा छनौट गरिएको जनसंख्या भित्र रही आवश्यक तथ्याङ्कको लागि संभावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी ३ वटा विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावकलाई छनौट गरिएको छ भने स्रोत व्यक्ति, प्राचार्य, वि.व्य.स. अध्यक्ष स्वतः छनौटमा परेका छन् ।

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क संकलनका लागी छनोट गरिएको नमुना छान्ने आधारहरुमा भौगोलिक अवस्था आर्थिक मितव्ययीता, जातीय आधार, अनुसन्धनकर्ताको कार्यक्षेत्र स्थल, यातायातको अवस्था तथ्याङ्क प्राप्त गर्ने विश्वसनिय आधार भएका कारण तथ्याङ्क संकलन गर्न सजिलो हुने तथा संकलित तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न आफ्नो पूर्व अनुभवले समेत सहयोग पुऱ्याउने भएकाले पनि उक्त क्षेत्रलाई नमुनामा छनौट गरिएको हो ।

### ३.४ अनुसन्धानका साधनहरु

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क संकलनका लागी निम्न साधनहरुको प्रयोग गरिएको छ ।

#### ३.४.१ अन्तर्वार्ता प्रश्नावली

नमुना छनौट गरिएका जनसंख्याबाट अध्ययनसँग सम्वन्धित जानकारी लिन दलित विद्यार्थी, दलित अभिभावक, शिक्षक तथा प्र.अ.सँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ता मार्फत आवश्यक तथ्याङ्क संकलन गरिएको छ । जसको नमुना अनुसूची १ देखि ४ सम्म राखिएको छ ।

#### ३.४.२ लक्षित समुह छलफलको मार्ग निर्देशनहरु

छनौट गरिएका अभिभावकहरु बीच लक्षित समुह छलफल सञ्चालन गरी आवश्यक तथ्याङक संकलन गरिएको छ ।

#### ३.४.३ अवलोकन फारम

अध्ययन क्षेत्रमा अध्ययनकर्ता स्वयं उपस्थित भई दलित विद्यार्थी अध्ययन गरेका उ.मा.वि. र पारिवारिक पृष्ठभूमीको अवलोकन गरी अध्ययनलाई भरपर्दो र विश्वसनिय बनाउने प्रयास गरिएको छ । जसको नमुना अनुसूची ५ मा राखिएको छ ।

#### ३.४.४ प्रश्नावली

प्रत्यक्ष छलफल र अन्तर्वार्ता लिनका लागि आवश्यक पर्ने तथ्याङ्कहरु संकलन गरी नमुना छनोटमा परेका जनसंख्यालाई प्रश्नावली मार्फत सूचना संकलन गरिएको छ । जसको नमुना अनुसूची ६ देखि ९ सम्म राखिएको छ ।

### ३.५ तथ्याङ्कका स्रोत

यस अध्ययनका क्रममा विभिन्न प्रकृतिका तथ्याङ्कहरु संकलन गरिएको छ । सम्बन्धित उच्च माध्यमिक विद्यालय, समुदाय, गा.वि.स.तथा जि.शि.का.बाट प्राप्त तथ्याङ्कहरुका साथसाथै अध्ययनसँग सम्बन्धीत पूर्व अध्ययनहरु पुस्तकालय, प्रकाशित

विश्लेशणात्मक लेख रचना तथा प्रतिवेदनहरु, विभिन्न समयमा गठन भएका शिक्षा आयोगका प्रतिवेदनहरु र अन्तराष्ट्रिय प्रतिवद्धताहरु बाट सुचना संकलन गरिएको छ । तसर्थ यस अध्ययनलाई सम्पन्न गर्नको लागि विभिन्न माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । मुलतः अनुसन्धानकर्ताले निम्न २ वटा स्रोतहरुलाई प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

**क) प्राथमिक स्रोत**

यस अध्ययनलाई सम्पन्न गर्नका लागि निम्न माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । जसको विवरण निम्नानुसार छ ।

अनुसन्धानकर्ता स्वयमको सक्रियतामा विभिन्न साधनको प्रयोग गरी संकलन गर्ने तथ्यांकलाई प्राथमिक स्रोतबाट प्राप्त तथ्यांक भनिन्छ (खनाल,२०६२) । यस अध्ययनलाई सम्पन्न गर्नको् लागि आवश्यक जानकारी तथा तथ्याङ्क प्राथमिक स्रोतहरुमार्फत सम्बन्धीत निकाय अन्तर्गतका व्यक्तिहरु, जिशिअ, स्रोत व्यक्ति, प्रअ, विद्यार्थी, महिला शिक्षक, वि.व्य.स. सदस्यहरुसँग अन्तरवार्ता, विभिन्न प्रश्नावलीहरु अवलोकन, क्षेत्र भ्रमण जस्ता माध्यमबाट लिइएको छ ।

**ख) द्वितीय स्रोत**

पहिले नै कुनै अनुसन्धानकर्ता व्यक्ति संस्था वा सरकारी निकायहरुबाट संग्रह गरिएका तथ्याङ्क एवम् जानकारीहरुलाई अनुसन्धानका लागि उपयोग गरिएका यस प्रकारको तथ्याङ्क स्रोतलाई द्वितीय स्रोत भनिन्छ (खनाल,२०६२) ।  यो अध्ययन पुरा गर्न आवश्यक विभिन्न तथ्याङ्क तथा जानकारीहरु जिल्ला शिक्षा कार्यालय ताप्लेजुङ र छनौट गरिएका विद्यालयको अभिलेखहरुबाट लिइएको छ ।

आवश्यक सुचना तथा जानकारी प्राप्त गर्ने उद्देश्यले सम्वन्धित विद्यालयका अभिलेखहरु विद्यालय सुधार योजना, विद्यालय तथ्याङ्क फारम उपलब्धी मूल्याङ्कन फारमबाट अध्ययन गरिएको छ । जसबाट विद्यालयमा दलित विद्यार्थीहरुको अवस्था नियमितता उपलब्धिहरुको बारेमा जानकारी पाइएको छ ।

## ३.६ तथ्याङ्क संकलन विधि

यस अध्ययनको जनसंख्याको रुपमा ताप्लेजुङ जिल्लाका फाकुम्बा र ढुङ्गे साघु स्रोत केन्द्र भित्र साञ्चालित उ.मा.वि.हरुमध्ये सामुदायीक अन्तरगतका जम्मा ३ वटा

उ.मा.वि.हरुका उ.मा. तहमा अध्ययनरत दलित विद्यार्थीहरु माध्यमिक शिक्षा प्राप्त गरेका तर उच्च मा.वि. शिक्षा बाहिर रहेका बालबालिकाहरु, शिक्षा बाहिर रहेका केटाकेटीहरु, दलित अभिभावकहरु, शिक्षक, र प्रअ., प्राचार्य, लाई स्रोतका रुपमा मानी तथ्याङ्क संकलन प्रक्रिया अघि बढाइएको छ।

नमुना छनोट भएका प्रत्येक उ.मा.वि.बाट उक्त तहमा अध्ययन गर्ने २ दलित विद्यार्थीहरुलाई नमुनामा छनोट गरिएको छ भने उमावि बाहिर रहेका उच्च माध्यमिक शिक्षा प्राप्त गर्ने योग्यता पुगेका दलितहरु मध्ये २ दलित विद्यार्थीहरुलाई छनौट गरिएको छ। त्यस्तै दलित अभिभावकहरु मध्ये ४ जना अभिभावकहरु छनौट गरिएको छ। यसै गरी छनौटमा परेका उ.मा.वि.बाट १/१ जना शिक्षक र प्र.अ./प्राचार्यलाई छनौट गरिएको छ।

नमुना छनोट गर्दा सुविधाजनक र उद्देश्यपुर्ण विधि अपनाइएको छ। यसका साथै सम्भावनायुक्त नमूना छनौट विधिको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ। उद्देश्यपूर्ण विधि अनुसार प्र.अ. तथा शिक्षकलाई नमुना छनौट गरिएको छ। दलित हरुको आवश्यकता अनुसार प्रतिक्रिया व्यक्त गर्न दलित अभिभावकहरुबाट महिला २ जना र पुरुष २ जना गरी दुवै अभिभावकहरुलाई छनौट गरिएको छ।

### ३.७ तथ्याङ्क विश्लेषण विधि

यस अध्ययनका लागि आवश्यक पर्ने सम्पुर्ण तथ्याङ्कहरु संकलन गरिसके पछि संकलित तथ्याङ्कलाई विभिन्न समुहमा अलग अलग तालिकीकरण गरिएको छ। शाब्दिक रुपमा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक र व्याख्यात्मक हिसावले विश्लेषण गरिएको छ। जसमा संख्यात्मक तथ्याङ्कलाई अध्ययनमा प्राप्त तथ्याङ्कको विश्लेषण गर्न तथ्याङ्कशास्त्रीय विधिको प्रयोग गरिएको छ।

अन्त्यमा विभिन्न पक्षमा प्राप्त परिणामको आधारमा सारांश प्राप्ती र निश्कर्ष निकाली आवश्यक सुझाव सहित शोधपत्र तयार पारिएको छ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या, विश्लेषण

## ४.१ उच्च माध्यमिक तहमा दलित विद्यार्थीको सहभागिताको वर्तमान स्थिति

देशमा विद्यमान रहेको जनताहरुको साक्षरताहरुको संख्या र गुणस्तरको आधारमा देशको विकास तथा प्रगति भर पर्ने भएकोले देशलाई भविष्यमा आवश्यक पर्ने दक्ष, योग्य र स्तरीय जनशक्ति तयार गर्नको लागि उपयुक्त शिक्षा नीति र वातावरण उपलब्ध गराउन सके देशका नागरिकहरुको उच्च गुणस्तर तिव्र विकास हुन सक्छ । त्यसैले हरेक देशले आफ्नो क्षमताले भ्याएसम्म स्तरीय शिक्षा प्रदान गरेतापनि विकासोन्मुख देशहरुमा शैक्षिक खर्च सही रुपमा सदुपयोग हुन सकेको छैन । राष्ट्रिय रुपमा उच्च माध्यमिक तह समस्यापूर्ण देखिएको छ । शैक्षिक स्थिति कमजोर हुनको वास्तविक कारणमा सरकारी नीति अस्पष्ट हुनु, व्यवहार लचिलो हुनु, योग्य विषय शिक्षकको अभाव हुनु, विद्यार्थीहरुको कम उपस्थिति हुनु विद्यालयमा शैक्षिक गुणस्तर खस्कदै जानु आर्थिक समस्या आइपर्नु आदि पर्दछन् । त्यसैले यी कुराहरुलाई सुधार गर्न अपरिहार्य देखिन्छ । यस ताप्लेजुङ जिल्लाको शैक्षिक स्थितिलाई हेर्दा साक्षरता प्रतिशत ५२.५१% रहेको छ । ताप्लेजुङ जिल्लाको अन्य शैक्षिक तथ्याङ्क निम्नानुसार रहेका छन् ।

तालिका नं. : २, ताप्लेजुङ जिल्लाको शैक्षिक तथ्याङ्क विवरण

| विद्यालयका किसिम | संख्या | जम्मा शिक्षक | दलित शिक्षक | जम्मा विद्यार्थी | दलित विद्यार्थी |
|---|---|---|---|---|---|
| क्याम्पस | २ | १२ | - | ३१६ | ८ |
| उच्च मा.वि. | २१ | ८४ | - | ६३० | ५८ |
| मा.वि. | २७ | १११ | १ | १३८७५ | १४३० |
| नि.मा.वि. | ५० | २०१ | ३ | १४२३५ | ८७५५ |
| प्रा.वि. | २२० | ९३७ | १३ | ४०५४० | १०३२० |
| जम्मा | ३२० | १३४५ | १७ | ६९५९६ | २०५७१ |

स्रोत : शैक्षिक पात्रो, २०६८ जि.शि.का. ताप्लेजुङ

तथ्याङ्क अनुसार ताप्लेजुङ जिल्लामा २ वटा क्याम्पस २१ वटा उच्च मा.वि. २७ वटा मावि ५० वटा निमावि २२० प्रावि रहेको देखिन्छ ।

### ४.१.१ उच्च माध्यमिक तहमा दलित विद्यार्थीहरुको सहभागिता

नेपालमा उच्च माध्यमिक तहका दलित विद्यार्थीहरुलाई सबल र उचित शिक्षा प्रदान गर्न महत्वपूर्ण रहेको छ । जसमध्ये दलित छात्रहरुको तुलनामा दलित छात्राहरुको उपस्थिति न्यून देखिन्छ । तसर्थ दलित छात्राहरुको शैक्षिक विनासका अवरोधहरु हटाउन तथा उनीहरुको शैक्षिक समस्या हल गरी आवश्यक सुझाव दिन यस शोधकार्य केन्द्रित छ । दलित विधार्थीहरुको वर्तमान अवस्था कस्तो छ ? भन्ने वारेमा ताप्लेजुङ जिल्लालाई अध्ययन क्षेत्र बनाई अनुसन्धान गरिएको छ । यसको लागि ताप्लेजुङ जिल्लाको छनौटमा परेका तीन उच्च माध्यमिक तहका दलित विधार्थीहरुको वर्तमान अवस्थाको विवरण निम्न अनुसार रहेका छन् :

तालिका नं. ३, उच्च माध्यमिक तहका दलित विद्यार्थीहरुको भर्नाको वर्तमान अवस्थाः

| क.स. | विद्यालयको नाम, ठेगाना | जम्मा विद्यार्थी कक्षा ११ र १२ | जम्मा दलित विद्यार्थीहरु |
|---|---|---|---|
| १ | श्री मैवाखोला उ.मा.वि., ढुङ्गेसाँघु | १३४ | ४ |
| २ | श्री नारायणी उ.मा.वि., साँघु | ६३ | ५ |
| ३ | श्री महेन्द्र उ.मा.वि. फाकुम्बा | २९ | ३ |
| | जम्मा | २२६ | १२ |

स्रोत : क्षेत्र सर्वेक्षण अध्ययन, २०६९

उल्लेखित तालिकाको आधारमा उच्च माध्यमिक तहमा दलित विद्यार्थीहरुको वर्तमान अवस्था न्यून भएको देखिन्छ । जसका कारक तत्वहरुमा गरिवी अशिक्षा चेतनाको कमी भेदभाव भएकाले यसलाई हटाउन दलित शशक्तिकरण जनचेतनाको लहर लैङ्गिक समविकास कार्यक्रम भेदभाव र छुवाछुतविरुद्धको अभियान आवश्यक पर्छ । वर्तमान समयमा शिक्षाको विकासमा भएको असमानताका कारणले गर्दा दलित विद्यार्थीहरुको उपस्थिति कम देखिएको पाइन्छ । यसलाई बढाउनको लागि भएको समस्या तथा वर्तमान शैक्षिक प्रणालीमा दलित विद्यार्थी सहभागिता वृद्धि गर्नुपर्ने देखिन्छ ।

### ४.१.२ उच्च मा.वि. तहमा दलित विद्यार्थीको विद्यालयगत भर्नाको स्थिति

शिक्षा प्रणालीमा विद्यार्थी एउटा महत्वपूर्ण अंग हो । यसलाई शिक्षा प्रणालीको आगत पक्षमा समावेश गरिन्छ । शिक्षाको प्रगति र मूल्याङ्कन गर्दा प्रधानतः यसै पक्षको सेरोफेरो भित्र रहेर गर्ने गरिन्छ । विद्यालयमा शिक्षाको स्तर हेर्नु पऱ्यो भने पनि यो पक्ष मेरुदण्डको रुपमा रहने गर्छ । जहाँ विद्यार्थी छैन भने त्यहा न त शिक्षा प्रणाली नै रहन्छ । त्यसैले विद्यालयको अस्तित्वको सुरुवात विद्यार्थी प्रवेशबाट हुने गर्छ । जसमा देखिएको उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको भर्ना विवरण निम्नानुसार छन् :

तालिका नं. ४, उच्च मा.वि. तहमा दलित विद्यार्थीको भर्नाको विवरण

| | दलित विद्यार्थी | | | | |
|---|---|---|---|---|---|
| कक्षा | छात्र | प्रतिशत | छात्रा | प्रतिशत | जम्मा |
| ११ | १ | ५० | १ | ५० | २ |
| १२ | १ | ५० | १ | ५० | २ |
| जम्मा | २ | १०० | २ | १०० | ४ |

स्रोत : मैवाखोला उ.मा.वि., भर्नाखाता, ढुङ्गेसाँघु २०६९

माथिको तालिकाबाट मैवाखोला उच्च मा.वि. ढुङ्गेसाँघुमा जम्मा दलित विद्यार्थीहरुको संख्या ४ रहेको छ भने २ जना वा ५० प्रतिशत छात्राहरु रहेका छन् । जसमा कक्षा ११ मा १ वा ५०% र कक्षा १२ मा १ वा ५०% भर्ना रहेको देखिन्छ ।

यसरी हेर्दा मैवाखोला उ.मा.वि.मा दलित विद्यार्थीहरुको भर्नादर एकदमै न्यून पाइन्छ । गरीवि अर्थात अज्ञानता उत्प्रेरणाको कमीका कारणले दलित विद्यार्थीहरु उच्च शिक्षा सम्मको सहभागितामा पुग्न सकिरहेको छैन । जसमा सुधार ल्याउन चेतनाको विकास घरदैलो कार्यक्रम, दलित छात्रवृत्रिको व्यवस्था, आरक्षण कोटा प्रणाली हुनु जरुरी देखिन्छ ।

तालिका नं. : ५, उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको भर्ना विवरण

| | दलित विद्यार्थी | | | | |
|---|---|---|---|---|---|
| कक्षा | छात्र | प्रतिशत | छात्रा | प्रतिशत | जम्मा |
| ११ | १ | २५ | २ | ७५ | ३ |
| १२ | - | - | २ | १०० | २ |
| जम्मा | १ | | ४ | | ५ |

स्रोत : श्री नारायणी उ.मा.वि., भर्ना खता, साँघु २०६९

माथिको तालिकालाई हेर्दा नारायणी उ.मा.वि. साँघुमा जम्मा ५ जना दलित विद्यार्थीहरुको भर्ना भएकोमा ४ जना छात्रा वा ८०% को भर्ना भएको छ जसमा कक्षा ११ र १२ मा बरावर २/२ जना वा ५०% भर्ना भएको छ ।

यसरी नारायणी उ.मा.वि.का दलित विद्यार्थीहरुको सहभागितालाई हेर्दा समग्र विद्यालयको भर्नादरमा कमी आएतापनि दलित विद्यार्थीहरुको भर्नादरमा भने राम्रो उपस्थिति देखिन्छ । यद्यपी सो भर्नादर जम्मा विद्यार्थीहरुको भर्ना विवरण अनुसार निकै कम हुन जान्छ । जसको कारण उच्च माध्यमिक शिक्षामा दलित विद्यार्थीहरुको थप सेवा सुविधामा ध्यान दिई उनीहरुलाई प्रोत्साहित गर्नु आवश्यक देखिएको छ ।

तालिका नं. ६, उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको भर्ना विवरण

| | दलित विद्यार्थी | | | | |
|---|---|---|---|---|---|
| कक्षा | छात्र | प्रतिशत | छात्रा | प्रतिशत | जम्मा |
| ११ | १ | २५ | २ | ७५ | ३ |
| १२ | - | - | | | |
| जम्मा | १ | | २ | | ३ |

स्रोत : श्री महेन्द्र उ.मा.वि., भर्ना खाता, फाकुम्बा, २०६९

माथिको तालिकाबाट महेन्द्र उच्च मा.वि फकुम्वामा उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको भर्ना ३ जना देखिन्छ जसमा छात्रा विद्यार्थीहरुको भर्ना २ जना वा ६७% देखिन्छ । जसमा दलित छात्राको भर्नादर एकदमै न्यून पाइन्छ । शै.व. २०६८ को उच्च मा.वि. तहमा भर्ना स्थितिलाई दलित विद्यार्थीहरुको अध्ययन गर्दा दलित विद्यार्थीहरु मध्ये छात्राहरुको संख्या राम्रो देखिन्छ । तर कुल भर्नामा संख्यात्मक रुपमा यो थोरै देखिन्छ ।

दलित विद्यार्थीहरुको भर्नादर वृद्धि गर्न निःशुल्क पाठ्यपुस्तक वितरण शुल्क मिनाहा दलित  छात्रवृत्तिको व्यवस्था तथा उत्प्रेरणाको कार्यक्रम यस श्री महेन्द्र उ.मा.वि.मा तर्जुमा गरी कार्यान्वयन गर्नु पर्छ ।

### ४.१.३ उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको उपस्थिति विवरण

नेपाल सरकारले शिक्षा नियमावली २०५९ को परिच्छेद १५ नियम ८४ को उपनियम ५ मा विद्यालयको एक शैक्षिक  सत्रमा काम गर्ने दिन कम्तिमा २२० दिन

तोकेको छ । अध्ययन क्षेत्रका उच्च मा.वि.हरुमा कम्तिमा १९० दिन र बढीमा २०८ दिन विद्यालय खुलेको पाइयो ।

नेपाल सरकारको नियमअनुसार विद्यालय खुल्ने दिनमा एकरुपता पाइएन त्यसैले सो सम्बन्धमा शिक्षकसँग छलफल गर्दा समय समयमा हुने गरेको नेपाल बन्दको असर आकस्मिक घटना, स्थानीय विदा जस्ता कुराहरुले विद्यालय खुल्ने दिन र विद्यालय पढाई हुने दिनमा असर परेको पाइयो । अवलोकनको क्रममा ३ ओटा उच्च मा.वि. का दलित विद्यार्थीहरुको उपस्थिति विवरण निम्न अनुसार पाइएको छ :

तालिका नं. ७, उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको उपस्थिति विवरण

| उ.मा.वि.हरु | जम्मा दलित विद्यार्थी | उपस्थित दलित विद्यार्थी |
|---|---|---|
| मैवाखोला उ.मा.वि. | ४ | २ |
| नारायणी उ.मा.वि. | ५ | ३ |
| महेन्द्र उ.मा.वि. | ३ | १ |
| जम्मा | १२ | ६ |

स्रोत : क्षेत्र सर्वेक्षण अध्ययन, २०६९

माथिको तालिकालाई हेर्दा अवलोकन गरिएको उच्च मा.वि. तहमा दलित विदार्थीहरुको उपस्थिति विवरण विभिन्न मितिहरुमा कक्षा कोठामा गई उच्च मा.वि. हरुमा दलित विद्यार्थीहरुको उपस्थिति विवरण लिँदा तीन वटै विद्यालयमा समग्र ५०% उपस्थिति देखिन्छ ।

अध्ययन क्षेत्रका तीनवटै विद्यालयहरुमा दलित विद्यार्थीहरुको उपस्थितिलाई हेर्दा कमजोर देखिन्छ । जसको कारण ती विद्यार्थीहरु एक त अल्छी भएका कारण र अर्को गरीविका कारण विद्यालयमा नियमित उपस्थित हुन नसकेको देखिन्छ । विद्यार्थीहरुको उपस्थिति दर बढाउन पढाई प्रति आकर्षण गर्ने उत्प्रेरणात्मक कार्यक्रम तथा गोष्ठि सञ्चालन गरी दलित समुदायलाई सचेत बनाउनु पर्छ ।

### ४.१.४ दलित विद्यार्थीहरुको उत्तिर्ण विवरण

उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको उत्तिर्ण दर समान देखिदैन । किनकी प्राथमिक तहमा उनीहरुको भर्ना दरमा फरकता पाइन्छ । केही विद्यार्थीहरु एवतः कक्षा चढेका वा कक्षा चढाइएका केहीले धेरै वर्ष दोहोऱ्याएका केही वर्षेनी फेल भएका जस्ता शैक्षिक क्षतिहरुले गर्दा उत्तिर्णमा समेत भिन्नता ल्याएको पाइन्छ । जुन विवरण निम्न छन् :

तालिका नं. ८, उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको उत्तीर्ण विद्यार्थी विवरण (कक्षा ११)

| क्र.सं. | उ.मा.वि.हरु | दलित विद्यार्थीहरु | उतीर्ण दलित विद्यार्थी | प्रतिशत |
|---|---|---|---|---|
| १ | मैवाखोला उ.मा.वि. | २ | १ | ५० |
| २ | नारायणी उ.मा.वि. | ३ | २ | ६६.६६ |
| ३ | महेन्द्र उ.मा.वि. | ३ | १ | ३३.३३ |
| | जम्मा | ८ | ४ | ५० |

स्रोत : शैक्षिक पात्रो २०६८ ताप्लेजुङ

माथिको तालिकालाई हेर्दा मैवा खोला उ.मा.वि.मा दलित विद्यार्थी २ जनाले परीक्षामा सहभागी भएकोमा १ जना अर्थात ५०% उत्तीर्ण भएको त्यस्तै नारायणी र महेन्द्र उ.मा.वि.मा ३/३ जना सहभागि भएकोमा नारायणी बाट २ जना वा ६६.६६% र महेन्द्रबाट १ जना वा ३३.३३% उत्तीर्ण भएको देखिन्छ । तीन वटै विद्यालयको तथ्यांकलाई हेर्दा जम्मा ८ जना दलित विद्यार्थीहरु सहभागि भएकोमा ४ जना अर्थात ५०% उत्तीर्ण भएको देखिन्छ ।

तालिका नं. ९, उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको उत्तीर्ण विद्यार्थी विवरण (कक्षा १२)

| क्र.सं. | उ.मा.वि.हरु | दलित विद्यार्थीहरु | उतीर्ण दलित विद्यार्थी | प्रतिशत |
|---|---|---|---|---|
| १ | मैवाखोला उ.मा.वि. | २ | १ | ५० |
| २ | नारायणी उ.मा.वि. | २ | २ | १०० |
| ३ | महेन्द्र उ.मा.वि. | ० | ० | ० |
| | जम्मा | ४ | ३ | ६७ |

स्रोत : शैक्षिक पात्रो, २०६८ ताप्लेजुङ

माथिको तालिकालाई अध्ययन गर्दा मैवाखोला उ.मा.वि. मा कक्षा १२ मा २ जना दलित विद्यार्थीले परीक्षामा सहभागिता जनाएकोमा १ जना वा ५०% उत्तीर्ण भएको देखिन्छ । त्यस्तै नारायणी उ.मा.वि. मा २ जना सहभागि भएकोमा २ जना वा १०० % उत्तीर्ण देखिन्छ भने महेन्द्र उ.मा.वि.मा यसै शै.स. २०६८ मा दलित विद्यार्थीहरु कोही परीक्षामा सामेल भएको पाइएन ।

दलित विद्यार्थीहरुको उत्तीर्ण दरलाई हेर्ने हो भने जति मात्रामा उत्तीर्ण हुनु पर्ने हो त्यती मात्रामा उत्तीर्ण भएको पाइएन । जसको कारण घरायसी कामकाज, पढाईमा बाधा, सामाजिक तथा आर्थिक कारण, विद्यालय नियमितता नहुनु पढाइमा लगनशील नहुनु रहेको छ ।

### ४.१.५ उच्च मा.वि. तहमा अध्ययनरत दलित विद्यार्थीहरुको कक्षा छाड्ने र दोहोऱ्याउने विवरण

उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको कक्षा छाड्ने र दोहोऱ्याउने चलन यथावत नै छ जसको कारण प्राथमिक तहमा उनीहरुको भर्ना दर र उत्तीर्णमा असमानता भएको पाइन्छ । केही विद्यार्थीहरुलाई स्वत कक्षा चढाउनुपर्ने केहीले धेरै वर्ष दोहोऱ्याइ रहने, गर्दा उत्तिर्णमा व्यापक असर पुऱ्याएको पाइन्छ । यस अध्ययन क्षेत्रको शैक्षिक तथ्याङ्क २०६८ सालको उच्च मा.वि.तहमा दलित विद्यार्थीहरुको कक्षा छाड्ने र दोहोऱ्याउने विवरण निम्नानुसार छ ।

तालिका नं. १०, उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको कक्षा छाड्ने र दोहोऱ्याउने विवरण

| क.सं. | उ.मा.वि.हरु | जम्मा दलित विद्यार्थीहरु | कक्षा छाड्ने दलित विद्यार्थी |
|---|---|---|---|
| १ | मैवाखोला उ.मा.वि. | ४ | ० |
| २ | नारायणी उ.मा.वि. | ३ | ० |
| ३ | महेन्द्र उ.मा.वि. | १ | ० |

स्रोत : क्षेत्र सर्वेक्षण अध्ययन, २०६९

माथिको तालिकालाई हेर्दा ३ ओटै उच्च मा.वि तहमा दलित विद्यार्थीहरुले कक्षा छाडेको वा दोहोऱ्याएको देखिदैन । शैक्षिक सत्र २०६८ को तथ्यांकमा कक्षा छाड्ने वा

दोहोऱ्याउने विद्यार्थीहरुको परिणाम राम्रो देखिएतापनि अझ यसलाई नियमित निरन्तरता दिलाउन थप दलितसँग सम्बन्धित विभिन्न गोष्ठी कार्यक्रमहरु चलाउनु पर्ने देखिन्छ ।

### ४.१.६ दलित विद्यार्थीको नियमितता

नमूना छनौटमा परेका स्रोत व्यक्ति, प्राचार्य, वि.व्य.स. अध्यक्ष, अभिभावक, शिक्षक र विद्यार्थीहरुसँग गरिएको अन्तर्वार्ता प्रश्नावली, अवलोकन फारमबाट प्राप्त प्रतिक्रियाहरुको स्थिति उ.मा.वि. तहमा दलित विद्यार्थीहरुको कक्षामा नियमितताको स्थिति यस्तो पाइयो ।

तालिका ११, दलित विद्यार्थीको नियमितताको स्थिति

| विद्यार्थी | प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|
| | राम्रो | प्रतिशत | ठिकै | प्रतिशत | नराम्रो | प्रतिशत |
| दलित | ५ | २१.७४ | ६ | २६.०८ | १२ | ५२.१८ |
| जनजाती | १२ | ५२.१८ | ६ | २६.०८ | ५ | २१.७४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

दलित विद्यार्थीहरुको विद्यालयमा नियमितता राम्रो भन्ने संख्या ५ जना (२१.७४%) ठीकै भन्ने संख्या ६ जना (२६.०८%) राम्रो होइन भन्ने संख्या १२ जना (५२.१८%) देखिन्छ । यस अध्ययनबाट दलित विद्यार्थीहरुको उपस्थिति राम्रो रहेको पाइएन । यसै गरी जनजाती र अन्य विद्यार्थीहरुको उपस्थितिका बारेमा सोधिएको प्रश्नको प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो । नियमितता राम्रो भन्ने संख्या १२ (५२.१८%) नराम्रो भन्ने संख्या ५ (२१.७४%) ठीक भन्ने संख्या ६ (२६.०८%) देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने दलित विद्यार्थीहरुको तुलनामा अन्य विद्यार्थीहरुको नियमितता राम्रो देखिन्छ ।

### ४.१.७ दलित र गैरदलित विद्यार्थीहरुको कक्षामा सहभागिता

नमूना छनौटमा परेका स्रोत व्यक्ति, प्राचार्य, वि.व्य.स. अध्यक्ष, अभिभावक, शिक्षक र विद्यार्थीहरुसँग गरिएको अन्तर्वार्ता प्रश्नावली, अवलोकन फारमबाट प्राप्त दलित र गैर दलित विद्यार्थीहरुको कक्षामा सहभागीताको स्थिति यस्तो पाइयो ।

तालिका १२, दलित र गैरदलित विद्यार्थीहरुको कक्षामा सहभागिताको स्थिति

| विद्यार्थी | प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|
| | सक्रिय | प्रतिशत | ठिकै | प्रतिशत | निष्क्रिय | प्रतिशत |
| दलित | ६ | २६.०८ | ८ | ३४.७९ | ९ | ३९.१४ |
| गैर दलित | ९ | ३९.१४ | ८ | ३४.७९ | ६ | २६.०८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो । दलित विद्यार्थीहरुको पक्षमा सहभागिता सक्रिया छ भन्ने संख्या ६ (२६.०८%) ठीकै छ भन्ने संख्या ८ (३४.७९%) र उनीहरुको पक्षमा सहभागिता निष्क्रीय छ भन्ने संख्या ९ (३९.१४%) रहेको देखिन्छ । यसै गरी गैर दलित विद्यार्थीहरु कक्षा सहभागिताका सम्बन्धमा शोधिएको प्रश्नबाट प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो । कक्षामा सहभागिता सक्रिय छ भन्ने ९ (३९.१४%) ठीकै छ भन्ने ८ (३४.७९%) र निष्क्रीय छ भन्ने संख्या ६ (२६.०८%) देखिन्छ । समग्रमा भन्नु पर्दा दलित विद्यार्थीहरुको गैर दलित विद्यार्थीहरुको तुलनामा कक्षामा सहभागीता न्यून रहेको पाइयो ।

दलित विद्यार्थी र गैर दलित विद्यार्थीहरुको उच्च मा.वि.मा सहभागिता सम्बन्धमा गरिएको अध्ययनमा दलित विद्यार्थीहरुको सहभागीता गैर दलित विद्यार्थीहरुको तुलनामा कम देखिन्छ । जसका कारणहरुमा गरीवि, अशिक्षा, चेतनाको कमी देखिन्छ । त्यसै गरी बीचैमा कक्षा छोड्ने विद्यार्थीहरु दलित कोही पनि छैनन् तर गैर दलित विद्यार्थीहरुको तुलनामा उतीर्ण प्रतिशत न्यून रहेको छ ।

## ४.२ दलित र गैर दलित विद्यार्थीहरुको सहभागिता बीच तुलनात्मक अध्ययन

दलित र गैर दलित विद्यार्थीहरु बीचको शैक्षिक अवस्थाको वारेमा तुलनात्मक अध्ययन गर्नका लागि बीचैमा कक्षा छाड्ने, दलित विद्यार्थीको अन्य विद्यार्थीसँगको तुलना, जातिगत आधारमा अन्तिम परीक्षामा सम्मिलित र उर्तीण विद्यार्थीको अवस्था, दलित, जनजाति र अन्य विद्यार्थीको उतीर्ण र अनुतिर्ण प्रतिशतका आधारमा केन्द्रित रहि अध्ययन गरिएको छ ।

### ४.२.१ उच्च माध्यमिक तहमा दलित र गैरदलित विद्यार्थीहरुको सहभागिताको विवरण

नेपालमा उच्च माध्यमिक तहका दलित विद्यार्थीहरुलाई सवल र उचित शिक्षा प्रदान गर्न महत्वपूर्ण रहेको छ। जसमध्ये दलित विद्यार्थीहरुको तुलनामा गैर दलित विद्यार्थीहरुको उपस्थिति बढी देखिन्छ। तसर्थ दलित विद्यार्थीहरुको शैक्षिक विकासका अवरोधहरु हटाउन तथा उनीहरुको प्रत्येक समस्या हल गरी आवश्यक सुझाव दिन यो शोधकार्य केन्द्रित छ। दलित र गैर दलित विद्यार्थीहरुको वर्तमान अवस्था कस्तो छ ? भन्ने बारेमा ताप्लेजुङ जिल्लालाई अध्ययन क्षेत्र बनाइ अनुसन्धान गरिएको छ। यसको लागि ताप्लेजुङ जिल्लाको छनौटमा परेका तीन उच्च माध्यमिक तहका दलित विद्यार्थीहरुको वर्तमान अवस्थाको विवरण निम्न अनुसार रहेको छ।

तालिका नं. १३, दलित र गैर दलित विद्यार्थीहरुको भर्नाको विवरण

| क.सं. | विद्यालयहरुको नाम, ठेगाना | गैर दलित विद्यार्थी | दलित विद्यार्थी | जम्मा विद्यार्थी कक्षा ११ र १२ |
|---|---|---|---|---|
| १ | श्री मैवाखोला उ.मा.वि. | १३० | ४ | १३४ |
| २ | श्री नारायणी उ.मा.वि. | ५८ | ५ | ६३ |
| २ | श्री महेन्द्र उ.मा.वि. | २६ | ३ | २९ |
| | जम्मा | २१४ | १२ | २२६ |

स्रोत : क्षेत्र सर्वेक्षण अध्ययन, २०६९

उल्लेखित तालिकाको आधारमा उ.मा. तहमा दलित विद्यार्थीहरु गैरदलित विद्यार्थीहरुको तुलनामा उनीहरुको वर्तमान अवस्था न्यून भएको देखिन्छ। जसका कारक तत्वहरुमा गरिवि, अशिक्षा, चेतनाको कमी, भेदभाव भएकाले यसलाई हटाउन दलित सशक्तिकरण जनचेतनाको लहर, लैङ्गिक समविकास कार्यक्रम, भेदभाव र छुवाछुद विरुद्धको अभियान आवश्यक पर्छ। वर्तमान समयमा शिक्षाको विकासमा भएको असमानताका कारणले गर्दा दलित विद्यार्थीहरुको उपस्थिति कम देखिएको पाइन्छ। यसलाई बढाउनको लागि भएको समस्या तथा वर्तमान शैक्षिक प्रणालीमा दलित विद्यार्थीसहभागिता वृद्धि गर्नुपर्ने देखिन्छ।

### ४.२.२ बीचैमा कक्षा छाड्ने दलित विद्यार्थीहरुको अन्य विद्यार्थीसँगको तुलना

उच्च मा.वि. तहमा दलित र गैर दलित विद्यार्थीहरुको कक्षा छाड्ने र दोहोऱ्याउने चलन यथावत नै छ । जसको कारण प्राथमिक तहमा उनीहरुको भर्नादर र उतीर्णमा असमानता भएको पाइन्छ । केही विद्यार्थीहरुलाई स्वतः कक्षा चढाउनु पर्ने, केहीले धेरै वर्ष दोहोऱ्याइ रहने गर्दा उतीर्णमा व्यापक असर पुऱ्याएको पाइन्छ ।

तालिका नं. १४, जातिगत आधारमा बीचैमा विद्यालय छाडेका विद्यार्थी संख्याको तुलना

| विद्यार्थी | जम्मा विद्यार्थी संख्या | अन्तिम परीक्षामा सम्मिलित | विचैमा विद्यालय छाड्ने |
|---|---|---|---|
| दलित | १२ | १२ | - |
| जनजाति | २०० | १८० | २० |
| अन्य | १४ | १४ | - |
| जम्मा | २२६ | २०६ | २० |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिकालाई हेर्दा तीन वटै उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुले बीचैमा कक्षा छोडेको पाइएन भने जनजाती समुहबाट जम्मा विद्यार्थी २०० जनामा २० जनाले बीचैमा कक्षा छोडेको पाइयो । त्यसै गरी अन्य समुहका विद्यार्थीहरुले पनि विचैमा कक्षा छाडेको पाइएन ।

### ४.२.३ जातिगत आधारमा अन्तिम परीक्षामा सम्मिलित र उतीर्ण विद्यार्थीको अवस्था

विद्यालयमा भर्ना भएका सम्पूर्ण विद्यार्थीहरु अन्तिम परीक्षामा सहभागी भइ उतीर्ण हुने अवस्था रहन्छ नै भन्न सकिन्न । कतिपय विद्यार्थीहरु शैक्षिक सत्रको बीचैमा विद्यालयबाट पलायन भएको तथ्याङ्क बाट बुझ्न सकिन्छ । यहाँ अध्ययनका लागि छनौट गरिएका विद्यालयको जम्मा विद्यार्थी संख्यालाई जातिगत आधारमा विभाजन गरी भर्ना भएका मध्ये अन्तिम परीक्षामा सहभागि हुने र ती मध्ये उतीर्ण हुनेको संख्यालाई विश्लेषण गरिएको छ । यसबाट जम्मा विद्यार्थी मध्ये कति अन्तिम परीक्षामा सहभागी भइ उतिर्ण दर के कस्तो रहेको छ । भन्नेकुरा अवगत हुन्छ ।

तालिका नं. १५, जातिगत आधारमा अन्तिम परीक्षामा सम्मिलित र उतीर्ण विद्यार्थी संख्या

| विद्यार्थी | जम्मा विद्यार्थी संख्या | अन्तिम परीक्षामा सम्मिलित | अन्तिम परीक्षा उत्तीर्ण |
|---|---|---|---|
| दलित | १२ | १२ | ६ |
| जनजाति | २०० | १८० | १३० |
| अन्य | १४ | १४ | १० |
| जम्मा | २२६ | २०६ | १४६ |

स्रोत : स्थलगत अध्ययन, २०६९

प्रस्तुत तालिकामा अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुको जम्मा विद्यार्थी संख्याको जातिगत विभाजन गरी कुल विद्यार्थी मध्ये दलित विद्यार्थीहरु १२ जना अन्तिम परीक्षामा सम्मिलित भएकामा ६ मात्र उतीर्ण भएको देखिन्छ। त्यसैगरी जनजाती १८० जना अन्तिम परीक्षामा सम्मिलित भएकामा १३० जना परीक्षामा उतीर्ण भएको देखिन्छ। त्यस्तै १४ जना अन्यजातिका विद्यार्थी हरु परीक्षामा सम्मिलित भएकामा १० जना परीक्षामा उतीर्ण भएको देखिन्छ। समग्रमा हेर्दा जनजाति र अन्य विद्यार्थीको तुलनामा दलित विद्यार्थीहरु परीक्षामा उतीर्ण हुने दर न्यून देखिन्छ।

### ४.२.४ दलित जनजाति र अन्य विद्यार्थीको उतीर्ण र अनुतीर्ण प्रतिशत

तालीका न. १६, दलित जनजाति र अन्य विद्यार्थीको उतीर्ण र अनुतीर्ण प्रतिशत

| विद्यार्थी | अन्तिम परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत | अनुत्तीर्ण | प्रतिशत |
|---|---|---|---|---|---|
| दलित | १२ | ६ | ५० | ६ | ५० |
| जनजाति | १८० | १३० | ७२.२२ | ५० | २७.७७ |
| अन्य | १४ | १० | ७१.४२ | ४ | २८.५७ |
| जम्मा | २०६ | १४६ | | ६० | |

स्रोत : स्थलगत अध्ययन, २०६९

तालिका अनुसार दलित विद्यार्थीहरुको उतीर्ण प्रतिशत ५० र अनुतीर्ण प्रतिशत ५० रहेको, जनजाती विद्यार्थीको उतीर्ण प्रतिशत ७२.२२, अनुतीर्ण २७.७७% र अन्य जातीका

विद्यार्थीको उतीर्ण प्रतिशत ७१.४२, अनुतीर्ण २८.५७% रहेको पाइन्छ । समग्रमा हेर्दा अन्य जातीका तुलनामा दलित विद्यार्थीको उतीर्ण प्रतिशत न्यून रहेको पाइन्छ ।

## ४.३ दलित बालबालिकाहरुको उच्च मा.वि. शिक्षामा सहभागिता सम्बन्धी समस्याका कारणहरु

शिक्षा आर्जन गर्ने सवैको नैसर्गिक जन्मसिद्ध अधिकार हो । त्यसैले प्रत्येक जनसंख्या जनशक्ति बन्ने रहर उत्प्रेरित हुन्छ । नीतिगत रुपमा सवै जनशक्ति बनाउने लक्ष्य भएता पनि विविध समस्याहरु र हैरानीहरुले गर्दा व्यवहारमुलक बन्न सकिरहेको छैन । त्यसैले प्रत्येक जातजाति, मानव भएर शिक्षा जस्तो चेतनावाहक जञ्जीरमा फस्न र प्रतिफल प्राप्त गर्न चाहन्छन् । तर उच्च माध्यमिक शिक्षामा दलित विद्यार्थीहरुको सहभागि बन्नमा देखिएका समस्याहरु निम्न छन् :

### ४.३.१ आर्थिक समस्या

दलित विद्यार्थीहरुमा आर्थिक समस्याले गर्दा उच्च माध्यमिक तहमा सहभागि वन्न बञ्चित देखिन्छन् । विद्यालयमा अत्यावश्यक पर्ने कापी, कलम, पुस्तकहरु किन्ने विभिन्न शुल्कहरु तिर्न झोला पोशाकहरु किन्न तथा विहान वेलुकी घरमा छाक टार्न समेत धौ, धौ पर्नाले आर्थिक अभावको कारणले सहभागि बन्न बाधा गरेको देखिन्छ । दलित विद्यार्थीहरु घरायसी आर्थिक समस्याले गर्दा उच्च मा.वि. तहमा अध्ययन गर्नबाट बञ्चित भएको पत्ता लागेको पाइन्छ ।

### ४.३.२ शैक्षिक समस्या

दलित परिवारहरु अशिक्षित अज्ञानी रहनाले वा घरमा शैक्षिक वातावरण नहुनाले विद्यालयमा उनीहरुको शैक्षिक गतिविधि न्यून रहेको पाइन्छ । घरायसी वातावरण र विद्यालयीय वातावरण वीचको सम्बन्ध मेल खाने खालको नभएकाले शिक्षा लिनमा प्रत्यक्ष संलग्न नहुने अनियमितता भईरहने परीक्षामा बढि अनुतिर्ण हुने तथा हरेश र नैराश्यता पैदा भई विद्यालय नजाने जस्ता शैक्षिक समस्या टड्कारो देखिन्छ ।

दलित बालबालिकाको उच्च माध्यमिक शिक्षामा सहभागिता सम्बन्धमा वर्तमान शिक्षा पद्धतिको कारणबाट पनि समस्या सृजना भएको पाइन्छ । दलित बालबालिकाको

शिक्षामा सहभागिता बढाउने सन्दर्भमा वर्तमान शिक्षा व्यवस्थाले आवश्यक मात्रामा सहयोग पुऱ्याउन नसकेको तथ्य निम्न लिखित कुराहरुबाट जानकारी हुन्छ ।

आफ्ना छोराछोरीहरुलाई प्राथमिक तहको शिक्षा पुरा गराउन निरन्तर र नियमित रुपमा विद्यालय पढाउनुपर्ने कुरामा विद्यालयले आवश्यक प्रेरणा प्रदान गर्न नसकेको,

घरायसी काम धन्दामा बढी समय दिनु परेका कारण विद्यालयमा नियमित उपस्थित भइ शिक्षण सिकाई क्रियाकलापमा सक्रिय सहभागी हुने वातावरण नभएको, घरयासी शैक्षिक वातावरण उपयुक्त नभएको तथा नियमितताको अभावमा गृहकार्य पुरा गर्न नसकी पढाइमा कमजोर हुने परिस्थितिमा रहेको, अन्य जातिका विद्यार्थीहरुसँग सहकार्य गर्न स्वयम दलित विद्यार्थीहरु नै हिच्किचाउने मनोवैज्ञानिक समस्या रहेको,

दलित विद्यार्थीहरुको बालमनोविज्ञानको अध्ययन गरी उनीहरुको दविएको क्षमता, रुचि र चाहना बुझी सोही अनुसार शिक्षण सिकाई, क्रियाकलाप सञ्चालन गर्ने परिपाटीको अभाव भएको, विद्यालयका पाठ्यक्रमहरुमा दलितहरुका सीप र क्षमतालाई समेटी रुचिकर बनाउन नसकिएको,

प्राथमिक शिक्षा निःशुल्क भनिएता पनि परीक्षा लगायतमा शुल्क तिर्न परेको, पढेलेखेर पनि दलित अग्रजहरु बेरोजगार बस्नु परेको कारण वितृष्णा सृजना भएको ।

### ४.३.३ चेतनाको कमी

हामी जस्ता अछुत, दलितहरुले पढ्नु हुदैन पढेपछि चोर, फटाहा होइन्छ भन्ने पूरानो संस्कारगत भनाईमा लागेर  अशिक्षित दलितहरु विद्यालय गई नपढ्ने पढेपनि १,२ कक्षाहरु पढे पछि छाड्ने शिक्षाबाट तुरुन्त प्रतिफल नपाइने हुनाले घर वा अन्य क्षेत्रमा भ्रम पर्ने जस्ता दलितहरुमा चेतनाको कमीले उच्च माध्यमिक तहमा सहभागी बन्न सकिरहेका छैनन्।

### ४.३.४ पारिवारिक कारण

दलित समुदायका परिणामहरुको आफ्नो नीजि जग्गा नभएको वा थोरै मात्र भएको हुँदा गरिवीको कारण दलित बालवालिकाहरु सानै उमेर देखि पढ्नका सट्टा घरमा वसी

भाईबहीनीहरु हेर्ने, घाँस दाउरा गर्ने तथा घरायसी काममा संलग्न बन्ने बाध्यात्मक स्थितिले गर्दा दलित विद्यर्थीहरुको उच्च माध्यमिक तहमा सहभागिता बन्न अवरोध भइरहेको देखिन्छ।

### ४.३.५ सामाजिक कारण

समाजमा दलितलाई छुवाछुतको संस्कारमा हेरिनु, बाहिरी काम मात्र लगाइनु, मागी खाने तल्लो जातको रुपमा घुणा गर्नु, तथा हेपाहा प्रवृतिले व्यवहार चलाउनाले उनीहरु समाजबाट उपेक्षित भएर नैराश्यताको खाडलमा जकडीएको हुन्छ हाम्रो समाजमा गरिने ठुला साना जात धनी गरिव पक्षको भेदभावले गर्दा सहभागि बन्नबाट बञ्चित गराएको पाइन्छ ।

दलित विद्यार्थीहरुलाई उच्च माध्यमिक तहसम्म सहभागि गर्न वा सहभागितालाई विस्तार गर्न समस्याहरु पाइन्छन । राष्ट्रिय नीति नियम फितलो रुपमा कार्यान्वयन हुनु, विद्यालय सवै सक्षम र सम्पन्न नहुनु दलित एक नहुनु, दलितहरु बीच पनि विभेद हुनु चेतनाको कमी भई पढाईबाट टाढा बन्नु, घरायसी वाध्यात्मक परिस्थिति आइपर्ने जस्ता समस्याहरुले उनीहरुलाई प्रत्यक्ष असर पुऱ्याइरहेको छ ।

## ४.४ दलित विद्यार्थीहरुको उच्च मा.वि. शिक्षामा सहभागिता सम्बन्धि समस्या समाधानका उपायहरु

अध्ययन अनुसन्धानको क्रममा दलित विद्यार्थीहरुका समग्र समस्याहरु मुख्य रुपमा गरीवीको जालोमा जेलिएको पाइयो । यसका साथै दलितहरुमा चेतनाको कमी, समाजिक र साँस्कृतिक कारण तथा वर्तमान शिक्षा व्यवस्था र विद्यालयका कमी कमजोरीहरु नै समस्याका कारण देखिए । यस्ता समस्याहरु समाधान गर्न निम्न लिखित उपायहरु अवलम्बन गर्नु पर्ने अध्ययनबाट देखिन्छ ।

### १, आर्थिक अवस्था सुधार्नमा सहयोग गर्ने

दलितहरुको उच्च मा.वि. शिक्षमा सहभागिता वढाउनका लागि प्रमुख रुपमा उनीहरुको आर्थिक अवस्था माथि उकास्न सहयोग मिल्ने गरी कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ । हातमुख जोड्ने समस्या समाधान नभैकन शिक्षाको समस्या समाधान हुन सक्दैन । दलितहरुलाई टिकाइराख्न आयमूलक कार्यक्रम मार्फत उनीहरुको आर्थिक अवस्थामा सुधार

ल्याउनु आवश्यक छ । यसका लागि स-साना व्यवसायका लागि निर्व्याजी ऋण उपलब्ध गराउने पेशागत सीप सुधारका लागि तालिमको व्यवस्था गर्न रोजगारीका लागि दलित आरक्षणको व्यवस्था गर्ने विद्यालयमा अध्ययनरत सबै दलित विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने, तथा छात्रवृत्तिको रकम वढाउनु पर्ने जस्ता कात्रर्यक्रमहरु सञ्चालन गरिनु पर्ने देखिन्छ ।

**२) दलितमा चेतना जागरण गराउने**

वर्तमान शिक्षा प्रतिको नकारात्मक सोचमा परिवर्तन ल्याउनु आवश्यक छ । शिक्षा केवल रोजगारी र व्यवसायका लागि होइन । प्राथमिक तहको साक्षरता शिक्षा मानिसको आधारभूत आवश्यकता हो भन्ने अवधारणा दलितहरुमा जागृत गराउनु पर्ने देखिन्छ । अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत आम अभिभावकलाई अभिमुखीकरण गर्ने सचेतीकरणको शिक्षा दिनु पर्ने देखिन्छ । दलितहरुका इच्छा, आकांक्षा, चाहाना र आवश्यकताको आधारमा सहभागितामुलक शिक्षण पद्धतिबाट चेतना जागरण गराउनु पर्छ ।

**३) सामाजिक सांस्कृतिक जागरण ल्याउने**

परम्परागत अन्धविश्वास, रुढीवादी, जातपात र छुवाछुदको भावनालाई समाजबाट निर्मुल गर्ने सामाजिक संस्कृतिक जागरण ल्याउनु पर्छ । गाऊ घरमा भेदभावपूर्ण व्यवहारमा रोक लगाइ त्यसलाई कडाइका साथ कार्यान्वयन गरिनु पर्छ । यसको लागि व्यापक रुपमा जनचेतना जागरणमुलक कार्यक्रमहरु सञ्चालन गरिनु पर्छ ।

**४) पाठ्यक्रममा परिमार्जन**

दलित जातिका आफ्ना व्यवसायमा प्रत्यक्ष लाभ पुऱ्याउने खालको वातावरण सिर्जना गर्न विद्यालयको पाठ्यक्रममा उनीहरुका सीप र प्रविधिलाई फाइदा पुऱ्याउने खालका विषयवस्तुहरु समावेश गराइनु पर्छ साथै पाठ्यक्रममा सकेसम्म दलित विद्वानहरुको उदाहरण र जीवनीलाई समावेश गरिनुपर्छ । शिक्षालाई सैद्धान्तिक र आदर्शमुलकको सट्टा बढी व्यवहारीक र जीवनउपयोगी बनाउने गरी पाठ्यक्रममा संसोधन गरिनु पर्छ ।

**५) शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्ने**

दलित बालबालिकाहरुलाई निरन्तर प्रोत्साहन, प्रेरणा र हौसला प्रदान गरी शिक्षण सिकाइ सञ्चालन गरिनु पर्छ । दलित विद्यार्थीहरुलाई शिक्षण सिकाइ क्रियाकलापहरुमा बढी सहभागी बनाउन शिक्षकहरुले विशेष ध्यान दिनु पर्छ । दलितहरुका वाध्यता र विवस्ता बुझी सोही अनुसार शिक्षण गरिनु पर्छ सकेसम्म उनीहरुको फुर्सदको समयलाई विचार गरी सोही अनुसार शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरिनु पर्छ ।

**६) दलित शिक्षकको व्यवस्था गर्ने**

दलित विद्यार्थीलाई प्रेरणा एवम् हौसला दिन हरेक विद्यालयमा कम्तीमा १ दलित शिक्षकको व्यवस्था गरिनुपर्छ । यसरी दलित शिक्षकको व्यवस्था गरेमा दलित बालबालिकाहरुको इच्छा, चाहाना र आवश्यकता बुझी सोही अनुसार पठनपाठन गर्न सजीलो पर्ने हुन्छ ।

**७) दलित विद्यार्थीहरुलाई प्रोत्साहन**

परीक्षामा राम्रो नतिजा प्राप्त गर्ने विद्यालयमा बढी उपस्थित हुने लगायतका विद्यालयका विभिन्न शैक्षिक क्रियाकलापमा राम्रो स्थान प्राप्त गर्न दलित विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरेर दलित जातिको शिक्षामा सहभागिता वृद्धि गर्न सकिन्छ ।

# परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझावहरु

उच्च मा.वि. तहमा दलित विद्यार्थीहरुको शिक्षामा सहभागिता पत्ता लगाउनको साथसाथै यस तहमा दलित विद्यार्थीहरुको कम सहभागी हुनका कारण हरु र उनीहरुको सहभागी बढाउने उपायहरु खोजी गर्ने सम्बन्धमा ताप्लेजुङ जिल्लाको २ वटा स्रोतकेन्द्र अन्तरगतका ३ वटा उच्च मा.वि.हरुलाई समावेश गरिएको छ । सम्बन्धीत उच्च मा.वि.को प्र.अ. /प्राचार्य, शिक्षक, अभिभावक, विद्यार्थीहरुको कुराकानी, विद्यालयका अभिलेख, स्रोतकेन्द्रका अभिलेख, जिल्ला शिक्षा कार्यलयबाट प्राप्त जानकारीहरुलाई व्याख्या विश्लेषण तथा प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ती

यस अध्ययन क्षेत्रमा अध्ययन र अनुसन्धानबाट प्राप्त भएको तथ्यहरुलाई विश्लेषण गरी उद्देश्यका आधारमा विभाजन गरिएको छ ।

उ.मा. तहमा दलित विद्यार्थीहरुको भर्नाको वर्तमान अवस्था थोरै भएको देखिन्छ । जसका कारक तत्वहरुमा गरिवी, अशिक्षा, चेतनाको कमी, भेदभाव रहेको पाइन्छ । तुलनात्मक रुपमा अध्ययन क्षेत्रका तीन वटा सामुदायिक विद्यालयमा नारायणी उ.मा.वि.को तुलनामा मैवाखोला उ.मा.वि. र महेन्द्र उ.मा.वि.मा दलित विद्यार्थीहरुको भर्नादर थोरै देखिन्छ । दैनिक उपस्थिति विवरणलाई मूल्याङ्कन गर्दा तीनवटै विद्यालयमा ५०% उपस्थिति देखिन्छ । दलित विद्यार्थीहरुको उर्तिण प्रतिशतलाई हेर्दा उर्तिण प्रतिशत ५०% देखिन्छ भने कक्षा छाड्ने र दोहोऱ्याउने दलित विद्यार्थीहरु कोहि पनि देखिदैन् ।

दलित र गैर दलित विद्यार्थीहरुको उत्तिर्ण र अनुत्तिर्ण प्रतिशतलाई हेर्दा अध्ययन क्षेत्रका दलित विद्यार्थीहरु ५८.३३% उत्तिर्ण भएको देखिन्छ भने गैर दलित विद्यार्थीहरु ६२.५५% उत्तिर्ण भएको देखिन्छ । दलित र गैर दलित विद्यार्थीहरुको भर्नाको अवस्था हेर्दा जम्मा दलित विद्यार्थीहरु १२ जना र गैर दलित विद्यार्थीहरु २१४ जना देखिन्छन् । विचैमा कक्षा छाड्ने दलित विद्यार्थीहरु कोही पनि देखिदैनन् भने गैर दलित विद्यार्थीहरु २० जना देखिन्छन् । दलित विद्यार्थीहरु र गैर दलित विद्यार्थीहरुको उत्तिर्ण प्रतिशत हेर्दा दलित विद्यार्थीहरु ५०% उत्तिर्ण र गैर दलित विद्यार्थीहरु ७२.२२% रहेको पाइयो । दलित बालबालिकाको उ.मा.वि. शिक्षामा सहभागिता सम्बन्धी समस्याको कारणहरुमा आर्थिक

समस्या, शैक्षिक समस्या, चेतनाको कमी, पारिवारिक कारण, सामाजिक कारणहरु रहेका छन् । यी समस्याहरु समाधान गर्नका लागि आर्थिक अवस्था सुधार्नमा सहयोग गर्ने कार्यक्रम, दलितमा चेतना जागरण गराउने, सामाजिक साँस्कृतिक जागरण ल्याउने, पाठ्यक्रममा परिमार्जन गर्ने शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्ने, दलित शिक्षकको व्यवस्था गर्ने, दलित विद्यार्थीहरुलाई प्रोत्साहन दिने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ५.२ निष्कर्ष

छनौट भएको नमुनाबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता सम्बन्धी अध्ययन तथा अनुसन्धानबाट प्राप्त भएका तथ्याङ्कहरुका आधारमा निम्न निष्कर्ष निकालिएको छ ।

शैक्षिक विकास गर्नको लागि सवै जातिहरुलाई समान सहभागिता शिक्षा क्षेत्रमा भएमा मात्र द्रुत गतिमा विकास हुने ठहर हुन्छ । लैङ्गिक असमानता र भेदभावपूर्ण व्यवहार भएको समाज हुनाले अन्य भन्दा दलित विद्यार्थीहरुको सहभागीता कमजोर छ ।

संख्यात्मक सहभागीता सँगै गुणात्मक सहभागीतालाई जोड दिन शैक्षिक नीति नियमहरुलाई स्वतन्त्रपूर्वक विना बल कार्यान्वयन हुन दिनु पर्छ ।

सवै दलित विद्यार्थीहरुको अध्ययनलाई प्राथमिकता दिलाई सक्षम विद्यार्थी बनाउने कार्यक्रमका साथ सहभागीताको मौका सरकारले प्रदान गर्नु पर्छ ।

विद्यालय जस्तो बहुमानव संसाधन उत्पादन गर्ने संगठनमा राजनैतिक दवावले ग्रस्त भएको देखियो । यस अध्ययन क्षेत्रका विद्यालयहरुमा स्रोत शिक्षकरुको कम सक्रियताको कारण शैक्षिक योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा उपचारात्मक सुपरिवेक्षणको कमि देखिन्छ ।

समग्रमा कक्षा अनुतिर्ण हुनेमा अन्य विद्यार्थी भन्दा दलित विद्यार्थीको प्रतिशत बढी रहेको देखिन्छ । वर्तमान शिक्षा पद्धतिमा शैक्षिक क्षती बढी भएको देखिएकाले व्यवसायमुलक रोजगार मुलक र जीवन उपयोगी शिक्षाको व्यवस्था गरिनु पर्ने आवश्यकता देखिन्छ ।

## ५.३ सुझावहरु

उमावि तहमा दलित विद्यार्थीहरुको शिक्षामा सहभागिताबारे अध्ययन गर्दा प्राप्त परिणामहरुलाई मध्यनजर गरी उच्च मा.वि.हरुमा दलित विद्यार्थीहरुको पहुच वृद्धि गराउनको लागि उनीहरुमा उत्प्रेरणा जगाउने, दलित विद्यार्थीहरुको भित्री इच्छा, चाहाना, र आवश्यकता लाई पहिचान गर्ने साथसाथै यस तहमा दलित विद्यार्थीहरु कम सहभागी हुनका कारणहरु पत्ता लगाउने र उनीहरुको सहभागीता वढाउने उपायहरु खोजी गर्ने सन्दर्भहरुलाई यथार्थ बुझी सोही अनुसारको व्यवहार गर्नुपर्छ। यस अध्ययनबाट सहभागीता बढाउने विभिन्न उपायहरुमा गरिवि निवारण गर्ने, शिक्षाको महत्व र आवश्यकतालाई सर्वव्यापीकरण गर्ने, शैक्षिक सुविधाहरुमा विस्तार गर्ने र शैक्षिक उत्प्रेरणा जगाउने जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भन्ने उल्लेख गरेको छ।

### ५.३.१ नीतिगत तह

छनोटमा परेका तीन वटा उच्च मा.वि.हरु मध्ये श्री महेन्द्र उ.मा.वि., फाकुम्बाको नतिजा कम गुणात्मक र मध्यम वर्गमा रहेको, अन्य २ वटा उमा.वि.को नतिजाले पनि गणित र अंग्रेजी विषयमा बढी दलित विद्यार्थीहरु अनुतिर्ण भएकाले सामुदायिक विद्यालयका तल्ला कक्षाबाटै अंग्रेजी विषयलाई उच्च प्राथमिकता दिएर अध्ययनको व्यवस्था मिलाउने र सोको लागि प्राथमिक तहबाटै विषयगत शिक्षकको व्यवस्था गरिनु पर्छ।

### ५.३.२ कार्यान्वयन तह

सचेत र सक्षम अभिभावकहरुले बालबालिकाहरु संस्थागत विद्यालयमा पढाउने र असक्षम र अशिक्षित बाबुआमाले मात्र सामुदायीक विद्यालयमा पढाउने जस्तो मनोबैज्ञानिक अवस्था देखिएकाले सम्बन्धीत निकायबाट अनुगमन निरिक्षण एवम् मूल्याङ्कन गरी सामुदायिक विद्यालयमा पढाउन प्रात्साहित गरिनुपर्छ।

सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाका अभिभावकहरुलाई आफ्ना बालबच्चाको शैक्षिक अवस्था, स्तर र व्यवहारको बारेमा सुसुचित गराउदै समयसमयमा विद्यालयमा गई जानकारी लिने व्यवस्था मिलाउनु पर्छ। असक्षम दलित विद्यार्थी भन्ने भावनाको विजारोपण हटाएर अवसर प्रदान गरी निराकरण गर्न सहयोग पुऱ्याउनु पर्ने

देखिन्छ भने आरक्षण सम्बन्धी व्यवस्थालाई व्यावहारीकता प्रदान गर्नुपर्छ दलित विद्यार्थीहरुको प्रभावकारी शिक्षणको लागि बालमैत्रीको बातावरण निर्माण गर्नु आवश्यक देखिएकाले सो अनुकुल व्यवस्था गर्ने बढी तालिम प्राप्त समावेशी शिक्षकले प्रभावकारी भुमिका खेल्न सक्छ ।

दृढ इच्छा शक्ती र साँचो प्रतिवद्धता विना शिक्षा क्षेत्रमा खासै प्रगति हुन नसक्ने हुनाले दलित विद्यार्थीहरुलाई कर्तव्यबोध र अधिकार सम्पन्न बनाउन सवै अभिभवाक, वि.व्य.स. जि.शि.का. लगायत जिम्मेवार निकायहरु बढी संवेदनशील हुनुपर्ने देखिन्छ ।

### ५.३.३ अनुसन्धान तह

उ.मा.वि. तहका विद्यालयहरुमा दलित विद्यार्थी सहभागीताबाट भएको अध्ययन र सिकाइ प्रभावकारी ढंगबाट संचालन गर्न र उनीहरुको प्रभावको पहिचान गर्न कक्षा कोठासम्म  नै पुग्नुपर्ने हुँदा वैयक्तिक विभिन्नता अनुसार दलित छात्राहरुको शैक्षिकस्तरलाई सुधार गर्न दलित छात्राको नतिजालाई विश्लेषण गर्न तुलना गर्न र दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी पत्ता लगाउन कार्यमूलक अनुसन्धान गरिनु पर्ने देखिन्छ ।

शैक्षिक अवसर सुविधा राष्ट्रले तल्लो स्तर सम्म पुऱ्याउन विकेन्द्रीकरणको लक्ष्य अघि सारी भरमग्दुर प्रयास बढाइरहेको बेलामा पनि दलित विद्यार्थीहरु वर्तमान समयमा अन्योलमा नै परी अधिकांस दलित विद्यार्थीहरु अशिक्षित, अज्ञानी र निरक्षर भएको पाइन्छ । शिक्षाको वर्तमान नारा नै उ.मा.वि. तहसम्म दलित विद्यार्थीहरुलाई निःशुल्क पढ्नको लागि निशुल्क पाठ्यपुस्तक वितरण लगायत दलित विद्यार्थीमा विस्तार गरी सेवा सुविधामा थप गरेको देखिन्छ । तै पनि दलित विद्यार्थीहरु अन्य जातीहरुको तुलनामा निकै तल रहेको हुनाले यस्तो किन, कसरी भयो ? भनी भविष्यमा यसको व्यापक अनुसन्धान र खोज गरिनु पर्छ ।

## सन्दर्भग्रन्थ


उप्रेती, टेकनाथ (२०६३), *धिमाल जातीको शैक्षिक अवस्था र शिक्षामा पहुँच :* एक अध्ययन, एम्.एड्. शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

केसी, नन्दबहादुर (२०६१), *दैलेख जिल्लामा दलित जातिका बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागीता* : एक अध्ययन, एम्.एड्., सुर्खेत शिक्षा क्याम्पस, सुर्खेत ।

केन्द्रिय तथ्याङ्क विभाग (२०५९), राष्ट्रिय जनगणना २०५८, काठमाडौं : लेखक ।

कोइराला, विद्यानाथ (२०५८) *नेपालका दलित र तिनको शिक्षा :* एक अध्ययन, काठमाडौं : एकता बुक्स ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६५), *शैक्षिक प्रशासन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ (२०६४), *शिक्षाका वैकल्पिक चिन्तनहरु,* काठमाडौं : सामाजिक अनुसन्धान र सामाग्री विकासका लागि प्रज्ञीक मञ्च ।

खत्री, पेमकुमार (२०६०), *नेपालका धार्मिक मत र सामाजिक संरचना,* काठमाडौं : एक.के पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

खत्री, नन्दकुमारी (२०५७), *थारु बालबालिकाको शैक्षिक स्थिति,* एम्.एड् शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खनाल, राजन (२०५८), *सार्वजनिक व्यवस्थापनका सामयिक बहस,* काठमाडौं : स्वपान मासिक प्रकाशन ।

खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेशन, कीर्तिपुर ।

गुरुङ, हर्क (१९९६), *"इथ्नीकडेमोग्राफी अप नेपाल* (NEPAS)' काठमाडौं : आदिवासी जनजाती महासंघ, लेखक ।

गा.वि.स. ढुङ्गेसाघु (२०६८), भिलेज प्रोफाइल, ताप्लेजुङ : लेखक ।

गा.वि.स. फाकुम्बा (२०६८), भिलेज प्रोफाइल, ताप्लेजुङ : लेखक ।

गा.वि.स. साँघु (२०६८), भिलेज प्रोफाइल, ताप्लेजुङ : लेखक ।

जि.वि.स. ताप्लेजुङ (२०६८), डिस्ट्रीक डेभलपमेन्ट प्रोफाइल, ताप्लेजुङ्ग : लेखक ।

थापा, गोरख बहादुर (२०५८) *हुम्ला जिल्लाको प्राथमिक विद्यालयमा दलित समुदायको शैक्षिक स्थितिमा प्रभाव पार्ने तत्वहरु* : एक अध्ययन (अप्रकाशित शोधपत्र) महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौ ।

प्रश्रित, मोदनाथ (२०५५), *जातपात र छुवाछुतको संक्षिप्त इतिहास,* काठमाडौ : नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज ।

पाण्डेय, मधुसुदन (२०६२) *नेपालका दलितहरु,* काठमाडौ : पैरवी प्रकाशन, रामशाह पथ ।

विश्वकर्मा, चक्रमान (२०५४), *विद्यालय र उपेक्षित समुदाय :* विकासको निम्ति शिक्षा, काठमाडौ : शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

विश्वकर्मा, पदमलाल(२०६०), *नेपालमा दलित समस्या कस्तो छ ?,* काठमाण्डौ : एकता बुक्स ।

राष्ट्रिय दलित आयोग (२०६०), *नेपालमा दलित समुदायको स्थिति* काठमाडौ : लेखक ।

रेग्मी संगिता (२०६५), *नेपालमा महिलाको स्थिति,* काठमाडौ : महिला शिक्षा वार्षिक प्रकाशन, अनौपचारिक शिक्षा केन्द्र, शिक्षा विभाग

शर्मा, चिरन्जीवि (२०६५), *शिक्षाका आधार,* काठमाडौः एम.के. पब्लिकेशन, ।

शर्मा, रामाकान्त (२०६६), *दलित बालबालिकाको शिक्षामा सहभागिता एक चुनौति,* शैक्षिक समाचार, शिक्षा विभाग, सानो ठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६४), *शैक्षिक सामाग्री व्यवस्थापन शाखाको बुलेटिन,* काठमाडौ : लेखक ।

शिक्षा मन्त्रालय (२००९), *सबैका लागि शिक्षा,* काठमाडौ : राष्ट्रिय कार्ययोजना आयोग २००१-२०१५ : लेखक ।

शेर्पा, पासाङ (२०५४) *ल्होमी जातिको सामाजिक आर्थिक अवस्थाको एक अध्ययन* अप्रकाशित शोध कृति स्नातकोत्तर तह, एम.ए., केन्द्रिय क्याम्पस, कीर्तिपुर ।

सेरिड (१९९९), *आधारभुत तथा प्राथमिक शिक्षामा सुपरिवेक्षण,* काठमाडौ : शैक्षिक अनुसन्धान तथा विकास केन्द्र ।

# अनुसूची १

## दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता

### प्र.अ./प्राचार्यका लागि प्रश्नावली

विद्यालयको नामः मिति :

शिक्षकको नाम : ठेगानाः

१. तपाइको विद्यालयमा उच्च माध्यमिक तहमा अध्ययन गर्ने दलित छात्राहरुको सहभागिता अन्तर्गत नियमित उपस्थिति के कस्तो छ ?

.........................................................................................

२. दलित छात्रा विद्यालय सउहभागितामा बाधा पर्ने कारणहरु के के हुन् ?

३. दलित र गैर दलितबीचको सम्बन्धलाई तपाइले कुन रुपले हेर्नु भएको छ ?

४. गैर दलितको सहभागिता बढि छ भने यसको कारण के हो ?

५. तपाइको विद्यालयमा दलित जातिका शिक्षकहरु पनि रहनु भएको छ ?

छ भने कति : छैन भने किन :

६. विद्यालयमा दलितहरुलाई गैर दलितसँगै बस्ने व्यवस्था मिलाउनु भएको छ की छैन ?

७. दलित छात्राहरुको लागि विद्यालयमा कुनै पनि कार्यक्रमहरु संचालन भएका छन् ? छन् भने कस्ता कार्यक्रमहरु छन् ?

८. विद्यालयमा कम सहभागिता रहेको दलित छात्राको लागि विद्यालय सहभागिता हुने किसिमको वातावरण सृजना गर्नुभएको छ ?

छ भने कस्तो किसिमको वातावरण : ................. छैन भने किन ? ............

९. तपाइको विचारमा, दलित छात्राहरुको सहभागिता बढाउन के कस्तो कदम वा उपायहरु अपनाउनु पर्ने हुन्छ ?

....................................................................................................

# अनुसूची २

## दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता

## शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

जिल्ला :

विद्यालयको नामः मिति :

शिक्षकको नाम : ठेगानाः

१. दलित छात्रा र गैर दलित छात्राहरु बीच के कस्ता समानता र भिन्नता पाउनु हुन्छ ?

विद्यालय आउने बारे ।

गृहकार्य गर्ने बारे ।

कापि कलम र किताब ल्याउने ।

कक्षा सहभागिता ।

प्रश्न गर्ने उत्तर दिने ।

साथीहरुसँग हेलमेल गर्ने सम्बन्धमा ।

२. दलित छात्राहरुलाई सिकाइमा उत्प्रेरित गर्नको लागि शिक्षकको कस्तो भूमिका हुनु पर्दछ?

३. विद्यालयमा हुने शैक्षिक क्रियाकलापमा दलित र गैर दलित छात्राहरुको संलग्नतामा कस्तो समानता र भिन्नता पाउनु हुन्छ ? किन ?

४. दलित छात्राहरुको शिक्षा सहभागितामा के कस्तो समस्या पाउनु भएको छ ?

५. ती समस्याहरु निराकरण गरी दलित छात्रा सहभागिता बढाउन के कस्ता सुझावहरु दिनुहुन्छ ?

## अनुसूची ३

## दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता

## दलित अभिभावकका लागि प्रश्नावली

अभिभावकको नामः पेशा :

परिवार संख्याः ठेगानाः

१. उच्च माध्यमिक विद्यालयमा जाने तपाइका कति जना छोराछोरीहरु छन् ?

छोरा छोरी

२. तपाइको छोराछोरी विद्यालय जाने र नजाने संख्या कति छ ?

३. तपाइहरुका छोराछोरीहरुलाई विद्यालय पठाउन कस कसबाट प्रोत्साहन पाउनु भयो ?

४. तपाइका छोराछोरी विद्यालय नजाने कारणहरु के के हुन् ?

५. दलित छात्रा विद्यार्थी र गैर दलित छात्रा विद्यार्थीबीच भिन्नता पाउनु भएको छ कि छैन ? पाएको छ भने कस्तो भिन्नता ?

६. दलित छात्रा विद्यार्थीहरुलाई कुनै संघसंस्थाले प्रोत्साहन गरेको छ या छैन ? छ भने कस्तो प्रोत्साहन गरेको छ ?

७. के तपाइहरु विद्यालयको कार्यक्रम (छलफल, गोष्ठी) आदिमा भाग लिनु भएको छ ? छ भने कुन कुन कार्यक्रममा लिनु भएको छ ?

८. गा.वि.स.ले दलित छात्राहरुलाई पढ्नका लागि केही प्रोत्साहन गरेको छ ? छ भने कस्तो प्रोत्साहन ?

९. उच्च माध्यमिक विद्यालयमा दलित छात्राहरुको सहभागी बढाउने उपायहरु के के हुन सक्छन् ?

# अनुसूची ४

## दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता

## दलित छात्राहरुको लागि प्रश्नावली

उत्तरदाताको नामः मिति :

लिङ्गः उमेर :

कक्षाः गा.वि.स. वडा नं.

१. तिम्रो विद्यालयमा कुन कुन जातका विद्यार्थीहरु छन् ?

२. तिम्रा साथीहरु कुन कुन जातका छन् ?

३. अन्य जातका छात्राहरु तिमीहरुसँग बस्ने, खाने गर्छन की गर्दैनन् ?

४. तिमीहरुका लागि विद्यालयले कुनै ठोस कार्यक्रमहरु संचालन गरेको छ ?

५. दलित विद्यार्थीहरुको लागि भनेर भिन्नै छात्रवृत्ति वितरण गर्ने गरेको छ ?

६. तिमीहरुको विचारमा शिक्षकले तल्ला जातका भनेर त्यस्तो कुनै नौला वा नराम्रो व्यवहार गर्छन् की गर्दैनन् ?

७. विद्यालयमा हुने विभिन्न कार्यक्रममा विद्यालयले अन्य छात्राहरु सो सरह तिमीहरुलाई पनि समान व्यवहार र सहभागिता गराएको छ ?

८. उच्च माध्यमिक तहमा दलित छात्राहरुको सहभागिता बढाउन सम्बन्धित पक्षहरुले कस्ता कार्यक्रमहरु संचालन गर्नुपर्छ जस्तो लाग्छ ?

## अनुसूची ५

## दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता

## दलित विद्यार्थीको कक्षाकोठा क्रियाकलाप सहभागिता हेर्नका लागि तयार पारिएको अवलोकन फारम

विद्यालयको नामः मिति :

कक्षा : गा.वि.स. वडाः

| सि नं. | विद्यार्थी क्रियाकलाप | टिप्पणी | |
|---|---|---|---|
| | | दलित विद्यार्थी | गैर दलित विद्यार्थी |
| १ | कक्षामा ध्यान दिएर सुन्ने | | |
| २ | विषयसँग सान्दर्भिक प्रश्न सोध्ने | | |
| ३ | शिक्षकले सोधेको प्रश्नको उत्तर दिने | | |
| ४ | छलफलमा सहभागि हुने | | |
| ५ | शिक्षकले दिएको अर्तिको पालना गर्ने | | |
| ६. | कक्षा कार्य गर्ने | | |
| ७ | गृहकार्य गरेर ल्याउने | | |
| ८ | अरु विद्यार्थीहरुसँग बस्ने | | |
| ९ | अतिरिक्त क्रियाकलापमा भाग लिने | | |

# अनुसूची ६

## दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता

## सम्बन्धित अध्ययन क्षेत्रभित्र रहेर उच्च माध्यमिक विद्यालयबाट छनौट भउका २/२ जना दलित अभिभावकहरु र विद्यार्थीहरु

विद्यालयको नामः मिति :

कक्षा : गा.वि.स. वडाः

| सि नं. | विद्यालय | अभिभावक | विद्यार्थी | कक्षा |
|---|---|---|---|---|
| १ | मैवाखोला उ.मा.वि., ढुङ्गेसाँघु-७ | क) रामबहादुर सुनार | रमा सुनार | ११ |
| | | ख) जितमान बराइली | हेमन्त बराइली | १२ |
| २ | नारायणी उ.मा.वि., साँघु-४, | क) गोमा वि.क. | मेनुका वि.क. | ११ |
| | | ख) अग्नी बहादुर नेपाली | सिर्जना नेपाली | १२ |
| ३ | महेन्द्र उ.मा.वि., फाकुम्वा-८, ताप्लेजुङ | क) लालबहादुर कार्कीडोली | लक्ष्मी कार्कीडोली | ११ |
| | | ख) पूर्णमाया लगुन | दिला लगुन | १२ |

# अनुसूची ७

## दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता

## अध्ययन क्षेत्रका स्रोतकेन्द्र र उच्च माध्यमिक विद्यालय विवरण

विद्यालयको नामः मिति :

कक्षा : गा.वि.स. वडाः

| सि नं. | स्रोतकेन्द्र | स्रोतव्यक्ति | उ.मा.वि. | प्र.अ./प्रचार्य | छनौट शिक्षक |
|---|---|---|---|---|---|
| १ | मैवाखोला उ.मा.वि., ढुङ्गेसाँघु-७, तेम्वे | चुडामणी भट्टराई | मैवाखोला उ.मा.वि., ढुङ्गेसाँघु-७, तेम्वे | प्रेमकुमार पौडेल | लोक चन्द्र वनेम |
| | | | नारायणी उ.मा.वि., साँघु-४, | पहलमान चोडबाङ | तीर्थराज खतिवडा |
| २ | महेन्द्र उ.मा.वि., फाकुम्वा-८, साङ्लुपा | लक्ष्मीप्रसाद प्याकुरेल | महेन्द्र उ.मा.वि., फाकुम्वा-८, | दोजराज गौतम | मुक्तिनाथ भट्टराई |

## अनुसूची ८

## दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षको लागि अन्तरवार्ता प्रश्नावली

नामः योग्यताः

विद्यालय अनुभवः

१. वि.व्य.स.मा दलितको सहभागिता कति छ ?

२. वि.व्य.स. वैठकमा दलित सदस्यहरुको उपस्थिति कस्तो देखिन्छ ?

३. वि.व्य.स. वैठकमा दलित सदस्यको निर्णय सक्रियता र भुमिका कस्तो रहेको छ ?

४. दलित अभिभावक विद्यालय प्रति कत्तिको सकारात्मक देखिन्छन् ?

५. दलित छात्राहरको उपस्थिति कस्तो देखिन्छ ?

६. दलित विद्यार्थीहरुलाई उ.मा.वि.मा शिक्षक स्टाफद्वारा गरिएका सकारात्मक कदमहरु के के देखिन्छ ?

७. दलित र गैर दलित छात्राहरुबीच कुनै भेदभाव देखिन्छ की देखिदैन ?

८. दलित छात्राहरुको उच्च माध्यमिक तहमा सहभागिता बढाउन के के गर्न सकिन्छ ?

# अनुसूची ९

## दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता

## वि.नि. जि.शि. अ.को लागि अन्तरवार्ता प्रश्नावली

नामः योग्यताः

पदः अनुभवः

१. ताप्लेजुङ जिल्लामा कति जना दलित शिक्षकको संख्या रहेको छ ?

२. कतिवटा उ.मा.वि.मा दलित शिक्षकहरु रहेका पाइन्छन् ?

३. दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता कस्तो रहेको देखिन्छ ?

४. दलित विद्यार्थीहरुलाई उच्च माध्यमिक शिक्षामा प्रोत्साहित गर्न के कस्ता कार्यक्रमहरु चलाउनु भएको छ ?

५. लैङ्गिक र जातीय विभेद अन्त्य गर्न कस्ता रणनीतिहरु अपनाउनु भएको छ ?

६. दलित विद्यार्थीहरुको उच्च माध्यमिक शिक्षामा सहभागिता कम हुनमा को दोषी देखिन्छ ?

७. राष्ट्रले दलित छात्रवृत्ति वितरण, कोटा आरक्षण प्रणाली अपनाएकोले कति दलित विद्यार्थीहरु लाभान्वित देखिन्छन् ?

८. तपाइको विचारमा दलित विद्यार्थीहरुलाई अझ पढाइमा सशक्त र सक्रिय बनाउन के के गर्न सकिन्छ होला ?